का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ पुस २०८२
बुधबार
24 December 2025
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ३१४ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# वैकल्पिक ध्रुवीकरणको तरंग

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, ८ पुस

चुनाव नजिकिएसँगै वैकल्पिक शक्तिका रूपमा उदाउँदै गरेका नयाँ दलहरूको ध्रुवीकरणले राजनीतिमा नयाँ तरंग उत्पन्न गरेको छ। विघटित प्रतिनिधि सभाको चौथो ठुलो दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहबीच सोमबार राति करिब ६ घण्टा वार्ता भएको थियो ।

रास्वपा केन्द्रीय सदस्य असिम साहको म्युजिक कम्पनीको कार्यालयमा भएको वार्तापछि उनीहरू एउटै गाडीमा बाहिरिएका थिए । यो भेटवार्ताले राजनीतिमा नयाँ ध्रवीकरणको जग हाल्ने संकेत गरेको छ । नेताहरूबीच भएको संवादसँगै राजनीतिक बजारमा फरक कोणबाट बहस चलेको छ । रास्वपाका सभापति लामिछानेले नयाँ र वैकल्पिक शक्तिहरूलाई संवादमार्फत एकै ठाउँमा ल्याउने प्रयास भइरहेको बताए । चितवन अदालतमा तारेख लिन पुगेका लामिछानेले मंगलबार सञ्चारकर्मीमाझ बालेनसहित अन्य शक्तिहरूसँग पनि संवाद जारी रहेको बताएका छन् । 'हामीले पहिलेदेखि नै भन्दै आएका छौं कि परिवर्तनमा लाग्नुभएका नयाँ र वैकल्पिक शक्तिहरूलाई संवादमार्फत एकै ठाउँमा ल्याउने हाम्रो प्रयास हो,' उनले भने, 'यसलाई निष्कर्षमा पुर्‍याउनेगरी अहिले संवाद सुरु भएको छ ।'

*सहकारी ठगीको मुद्दाको झमेलामा रहेका रास्वपा सभापति रवि लामिछानेलाई कानुनी बाधा पर्न सक्ने आंकलनसहित बालेनलाई प्रधानमन्त्रीका वैकल्पिक उम्मेदवारको रुपमा अगाडि सार्ने गरी छलफल अघि बढेको नेता असिम साहले संकेत गरेका छन् ।*

उनीहरुबीच भएको लामो अन्तरंग भेटवार्ताका विषय बालेन र रविबाहेक कसैलाई थाहा छैन । तर उनीहरूबीच पदीय भागबन्डा समेतको विषयमा न्यूनतम समझदारी जुटेको बताइएको छ ।

स्रोतका अनुसार बालेन र रविबीच एउटै पार्टी बनाएर अघि बढ्ने र शक्ति बाँडफाँट कसरी गर्ने ? भन्ने विषयमा पनि छलफल भएको छ । सो छलफलमा बालेनलाई आगामी निर्वाचनमा घण्टी चिन्ह लिएर भावी प्रधानमन्त्रीको रूपमा उम्मेदवार बन्ने समझदारी बनेको बालेननिकट स्रोतको दाबी छ । सहकारी ठगीको मुद्दाको झमेलामा परेका रास्वपा सभापति लामिछानेलाई कानुनी बाधा पर्नसक्ने आंकलनसहित बालेनलाई प्रधानमन्त्रीका बैकल्पिक उम्मेदवारको रुपमा छलफल अघि बढेको नेता असिम साहले संकेत गरे । आफूलाई भावी प्रधानमन्त्रीका रुपमा अघि सारेर चुनावमा गए बालेन रास्वपाको घण्टी चुनाव चिह्नलाई स्वीकार्न पनि तयार देखिएका छन् । तर लामिछानेले भने बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउनेबारे छलफल भइनसकेको प्रष्टिकरण दिएका छन् । सभापति लामिछानेले भने, 'हामी अहिले नै त्यो चरणमा प्रवेश गरेका छैनौं । पहिला त कुराकानी हुनुपर्‍यो, एकअर्काको विचार र परिस्थिति बुझ्नुपर्‍यो । हतार नगर्नुस्, बिस्तारै राजनीतिक प्रक्रिया अगाडि बढ्छ ।'

पहिलो चरणमा बालेन, कुमार बेन, रवि र असिम साहबीच करिब ४५ मिनेट संयुक्त छलफल भएको र त्यसपछि असिम र कुमार बेनलाई बाहिर राखेर रवि-बालेनबीच ४ घण्टाभन्दा बढी समय एक्लाएक्लै छलफल भएको बताइएको छ । >>> पृष्ठ २ मा



नयाँ शक्तिहरु मिल्नु राम्रै हो तर किन मिल्ने ? भन्ने प्रश्नको उत्तर आमनागरिकले खोजेका छन् । व्यक्तिव्यक्ति मिलेर पद विभाजन गर्दै पहिलाकै निरन्तरता दिने कुराको अर्थ छैन ।

● **डा. दीपेश घिमिरे**
**विश्लेषक**



जेनजी आन्दोलनपछि राजनीतिमा परेको प्रभाव र आगामी प्रतिनिधि सभा निर्वाचनमा कसरी सहकार्य गर्न सकिन्छ ? भन्नेबारेमा सुखद कुराकानी भयो । द्विपक्षीय छलफलपश्चात् हामी सकारात्मक र उत्साहित छौं ।

● **डिपी अर्याल**
**उपसभापति, रास्वपा**



१०७ दिनपछि ब्रेक थ्रु

# शीतल निवासमा प्रश्नले घेरिइन् सुशीला



**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ८ पुस

मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलको पहलमा शीर्ष नेताहरू संवादमा जुटेका छन् । जेनजी आन्दोलनपछि एकसाथ नबसेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' एकसाथ प्रधानमन्त्री सुशीला कार्कीसँग देखिए ।

राष्ट्रपति पौडेलको उपस्थितिमा भएको छलफल करिब २ घण्टासम्म चल्यो । राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार शीर्ष संवादमा चुनावको वातावरण बनाउने समझदारी पनि बनेको छ ।

'देशको परिस्थिति गम्भीर र संवेदनशील भएको अवस्थामा निकास दिन चुनावको घोषण भएको हो, यो गम्भीरतालाई ध्यानमा राखेर निर्वाचन सफल बनाउन लाग्नु हामी सबैको एक मात्र दायित्व हो,' राष्ट्रपति पौडेलले शीर्ष नेताहरूलाई भनेका छन् ।

प्रतिनिधि सभाको निर्वाचन आगामी २१ फागुनमा तोकिएको छ । उक्त चुनाव हुने वा नहुनेमा कतिपयले संशय व्यक्त गरिरहेका बेला मंगलबार शीर्ष तहमा संवाद भएको छ ।

शीर्ष तहमा संवाद हुन नै १ सय ७ दिन लाग्यो । २३ र २४ भदौमा जेनजी आन्दोलन भएको थियो । मंगलबारको भेट जुर्न नै भदौ महिनामा ९ दिन, असोजमा ३१, कात्तिकमा ३०, मंसिर २९ र असोजमा ८ दिन लाग्यो ।

जेनजी आन्दोलनका क्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिन बाध्य भएका थिए । ओलीको राजीनामासँगै सत्ता साझेदार दल कांग्रेस पनि सत्ताच्युत भएको थियो । ओलीपछि देउवा प्रधानमन्त्री बन्ने समझदारी थियो । तर जेनजी आन्दोलनले एमाले र कांग्रेसको सहकार्यमा चलिरहेको सरकार मात्रै ढालेन । प्रतिनिधि सभाबाट सरकार बन्न सकेन । पूर्वप्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेको छ । अन्तरिम सरकार बनेको

२१ फागुनमा चुनाव हुने वा नहुने संशय चिर्न सरकारले राजनीतिक दलहरूको कार्यालय भ्रमण गर्ने र दलका प्रमुख नेताहरूसँग सामूहिक छलफल एकसाथ सुरु गरेको छ। योसँगै शीर्ष तहमा रहेको संवादहीनतामा ब्रेक थ्रु हुन पुगेको हो।

साढे तीन महिनापछि शीर्ष तहमा संवाद भएको हो ।

राष्ट्रपति कार्यालयका अनुसार छलफलमा कांग्रेस सभापति देउवाले २१ फागुनको चुनावका लागि तयार रहेको बताए । 'तर चुनाव नहुँदा के हुन्छ ? प्रतिनिधि सभा पुनर्स्थापनाको विकल्प अर्को हुन्छ र ?' देउवाको प्रश्न छ ।

एमालेका अध्यक्ष ओलीले नेतालाई स्थान हद लगाएर चुनाव गराउने भन्ने विषय आफैंमा नमिल्ने भन्दै सरकारको आलोचना गरे । 'पूर्वप्रधानमन्त्रीलाई स्थान हद लगाएर कस्तो चुनावको कुरा गरेको ?' ओलीको प्रश्न छ । नेपाली कम्युनिस्ट पार्टीका >>> पृष्ठ २ मा

# बयान लिएर स्थानहद फुकुवा

*जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई बयानका लागि बोलाउने तयारी गरेको छ।*







**जानकी पाठक / मध्यान्ह**
काठमाडौं, ८ पुस

सरकारले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकबाहेक तीन उच्च अधिकारीमाथि लगाएको स्थानहद फुकुवा गरेको छ। जेनजी आन्दोलनका क्रममा २३ भदौको दमन र २४ भदौको आगजनीबारे जाँचबुझ गर्न गठन भएको आयोगले बयान लिएर तीन जनाको स्थानहद फुकुवा गरेको हो ।

गौरीबहादुर कार्की नेतृत्वको छानबिन आयोगले ओली-लेखकसहित उच्च अधिकारीमाथि काठमाडौं छाडेर बाहिर जानुपर्दा सरकारको अनुमति लिनुपर्ने आदेश जारी गरेको थियो । तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, प्रहरी प्रमुख चन्द्रकुवेर खापुङ र काठमाडौंका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालको स्थानहद फुकुवा गरेको छ । आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई बयानका लागि बोलाउने तयारी गरेको जनाएको छ ।

सरकारले जेनजी आन्दोलनका क्रममा भएको घटनाको आवश्यक छानबिन गर्न कर्चचारीलाई अवकाशलगत्तै स्थानहद लगाएको थियो । आन्दोलनका क्रममा गृहसचिव दुवाडीले बल प्रयोग गर्न आदेश दिएको आरोप लागेको थियो । त्यस्तै, नेपाल प्रहरीका आइजिपी चन्द्रकुवेर खापुङमाथि समेत गोली चलाउन प्रहरीलाई निर्देशन दिएको आरोप छ ।

त्यस्तै, फिल्डमा खटिएका सुरक्षाकर्मीलाई आन्दोलनकारीमाथि बल प्रयोग गर्न प्रजिअ >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगार ठगी र मानव तस्करी रोक्न आइजिपीसँग आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ पुस

सरोकार केन्द्रले वैदेशिक रोजगार ठगी र मानव तस्करी नियन्त्रणका लागि नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीलाई आग्रह गरेको छ ।

मंगलबार महानिरीक्षक कार्कीलाई सुझाव पत्र बुझाउँदै सरोकार केन्द्रले मुलुकमा मानव तस्करी बढ्दै गएका कारण वैदेशिक रोजगारीको क्षेत्रमा धेरै युवायुवती पीडित भएको, शैक्षिक कन्सल्टेन्सीले परामर्श मात्र दिनुपर्नेमा वैदेशिक रोजगारीको कामसमेत गरेको र केही म्यानपावर कम्पनीले फ्रि भिसा फ्रि टिकट भनेपनि अस्वभाविक रूपमा रकम उठाएर ठगी गरेको भन्दै बेरोजगार युवायुवतीलाई ठगी गर्नेविरुद्ध नेपाल प्रहरीले सशक्त भूमिका खेल्नुपर्ने माग गरेको छ ।

अधिकांश कन्सल्टेन्सी दर्ता नै नभई परामर्शदाताको आवरणमा वैदेशिक रोजगार व्यवसाय नै सञ्चालन गर्दा पनि सबन्धित निकायले चासो नदिँदा पीडित झनै पीडित हुनुपरेको र वैदेशिक रोजगार विभागको व्यक्तिगत ठगी नियन्त्रण गर्ने क्षमता नहुँदा नेपाल



प्रहरीले त्यस्ता मुद्दाको अनुसन्धान गर्नुपर्ने माग पनि केन्द्रले गरेको छ।

सुझाव पत्र बुझाउन सरोकार केन्द्रका अध्यक्ष अधिवक्ता गोविन्द पन्थीसहितको टोली प्रहरी प्रधान कार्यालय गएको थियो । अध्यक्ष पन्थीले वैदेशिक रोजगार क्षेत्र सुधारका लागि सुझाव पत्र बुझाइएको जानकारी दिए ।

सुझाव पत्र बुझ्दै प्रहरी महानिरीक्षक कार्कीले वैदेशिक रोजगारी र मानव तस्करी नियन्त्रणमा सरोकार केन्द्रमार्फत जानकारी भएका विषयलाई आफूले कार्यान्वयनमा लगेर ठगी तथा अन्य विकृति विसंगति हटाउन पहल गर्ने आश्वासन दिएको अध्यक्ष पन्थीले मध्यान्हलाई बताए । महानिरीक्षक कार्कीले पीडकलाई कानुनी दायरामा ल्याउने र पीडितलाई न्याय दिन नेपाल >>> पृष्ठ २ मा

# चौथो शितगंगा महोत्सव आजदेखि २ करोड बढीको कारोबार हुने अपेक्षा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ८ पुस




अर्घाखाँचीको शितगंगा नगरपालिकामा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने उद्देश्यले बुधबारदेखि चौथो शीतगंगा कृषि, पर्यटन तथा औद्योगिक व्यापार महोत्सव हुने भएको छ।

शितगंगा नगरपालिकालाई व्यवसायिक पर्यटकीय रूपमा देश तथा विदेशमा चिनाउन, नगरमा स्थापित भएका घरेलु तथा कृषिजन्य उत्पादन वस्तुहरूको प्रवर्धन गर्न महोत्सवको आयोजना गरिएको उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण पन्थीले जानकारी दिए।

उक्त नगरपालिका-३ ठाँडाको डमरूदह हाईटमा सुरु हुने महोत्सवको नगरप्रमुख छविलाल पौडेलले उद्घाटन गर्ने उद्योग वाणिज्य संघका महासचिव दिल बहादुर गुरुङले जानकारी दिए।

नगरभित्र उत्पादित वस्तुहरूको प्रवर्धन, पर्यटकीय क्षेत्रको प्रचार-प्रसारका लागि महोत्सवले उल्लेखनीय भूमिका खेल्ने वडा नम्बर-३ का वडाध्यक्ष चिन्तराज अधिकारीले जानकारी दिए। पुस ९ देखि २१ गतेसम्म सञ्चालन हुने महोत्सवमा १ लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने र २ करोडभन्दा बढीको कारोबार हुने अपेक्षा गरिएको महासचिव गुरुङको भनाइ छ।

महोत्सवको उद्घाटनमा नगरपालिकाभित्र रहेका भेषभुषासँग मिल्ने झाँकीसहित भव्यरूपमा उद्घाटन गरिनेछ। महोत्सवमा स्थानीयस्तरमा उत्पादन हुने खसीबोका, कुखुरा, दूधका परिकार, स्थानीय उत्पादनहरूको स्टल कृषि, सुपादेउरालीको झल्को दिने स्टल, डम्मरु दहमा बोटिङ सञ्चालन गरिने पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको छ।

महोत्सवमा ऐतिहासिक धार्मिक संस्कृतिक र पर्यटक तथा पुरातात्विक स्थलहरूको प्रचार गरी शितगंगालाई विश्वव्यापी चिनाउने तथा संरक्षण गर्ने जिल्लाको समग्र आर्थिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक, पर्यटकीय तथा कृषि औधोगिक व्यापार व्यवसायको सीप र ज्ञानको अनुभव आदान गर्ने गराउने कृषि प्रविधि, उत्पादन तथा व्यवसायिकता तथा स्वरोजगारका लागि व्यवसायिहरूलाई प्रोत्साहन गर्ने तथा त्यस्ता उत्पादनहरूको प्रवर्धन एवं बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले महोत्सव सञ्चालन हुन लागेको हो।

महोत्सवमा १ सय २० वटा स्टल राखिने छ भने जेष्ठ नागरिक, अपांग अल्पसंख्यक नागरिकलाई निःशुल्क प्रवेशको व्यवस्था मिलाइनेछ।

## वैकल्पिक...

भेटवार्ताका क्रममा सँगै रहेका रास्वपा उपसभापति डिपी अर्यालले पछिल्लो राजनीतिक घटनाक्रम, राजनीतिक दलहरूको अवस्था र आगामी चुनावलाई लिएर विस्तृत छलफल भएको बताए। 'पहिलो त भर्खरै पितृशोकबाट बाहिर आउनुभएका बालेनजी र लामो समय जेल बसेर आउनुभएका रविजीबीच व्यक्तिगत कुराकानी भयो,' अर्यालले भने, 'त्यसपश्चात् भदौ २३ र २४ का बारेमा बढी केन्द्रित भएर कुराकानी भयो। सो घटनापछि नेपालको राजनीतिमा परेको प्रभाव र आगामी प्रतिनिधि सभा निर्वाचनमा कसरी सहकार्य गर्न सकिन्छ ? भन्नेबारेमा सुखद कुराकानी भयो। द्विपक्षीय छलफलपश्चात् हामी सकारात्मक र उत्साहित छौं।'

बालेन र रविबीच भेटवार्ताको प्रबन्ध मिलाएका असिम साहले छलफल सौहार्दपूर्ण भएको र एकताको सन्देश दिएको सामाजिक सञ्जालमार्फत जानकारी गराएका छन्। 'बालेन र रवि मिलेर अघि बढ्नुपर्छ भन्ने देशको माग हो। त्यसको सुखद सुरुवात भएको छ,' साहले लेखेका छन्, 'यसको सन्देश के हो भने दुई जना मिलेर जाने हो। अब अगाडि बढ्ने हो। रवि र बालेन दुई दाजुभाइको मिलन भएको छ। यो व्यक्तिको मात्र होइन, देशले खोजेको आशाको मिलन हो।'

रुपन्देहीबाट धरौटीमा रिहा भएलगत्तै चितवनको चौबिसकोठीमा सम्बोधन गर्दै लामिछानेले देश बन्ने सर्तमा आफू सबै त्याग्न तयार रहेको बताएका थिए। उनको पछिल्लो लचिलोपनले नयाँ शक्तिबीचको ध्रुवीकरणलाई सहज बनाएको बताइएको छ। नयाँ दलहरूले वैकल्पिक शक्ति निर्माण गर्दै मुलुक र नागरिक हितमा काम गर्ने ठोस योजना ल्याउन सके उनीहरूबीचको मिलन सुखद हुने विश्लेषण हुन थालेको छ।

जेनजी आन्दोलनपछि पुराना दल नै अहिलेका सबै समस्याको कारक भएको भाष्य निर्माण गरिएको छ। तर नयाँ र पुरानाभन्दा पनि उनीहरूको मुलुक बनाउने नीति कार्यक्रम र योजनाका आधारमा आमनागरिकले समर्थन वा विरोध गर्ने वातावरण बन्नुपर्ने विश्लेषकहरू बताउँछन्। विश्लेषक डा. दीपेश घिमिरेले नयाँ शक्ति एकजुट हुनु सकारात्मक भए पनि उनीहरूका योजना के हुन् ? भन्ने विषयको उत्तर आमरूपमा खोजिएको टिप्पणी गरे। घिमिरेले मध्यान्हसँग भने, 'जेनजी आन्दोलनपछि राजनीतिमा नयाँ र पुराना भन्ने भाष्य निर्माण गरिएको छ। नयाँ शक्तिहरू मिल्नु ठिकै हो। तर किन मिल्ने ? भन्ने प्रश्नको उत्तर आमनागरिकले खोजेका छन्। नयाँका नाममा व्यक्तिव्यक्ति मिलेर पद विभाजन गर्दै पहिलाकै निरन्तरता दिन खोजेको हो भने त्यसको अर्थ छैन।' जेनजी आन्दोलनको मर्म र देशको आवश्यकता को को मिल्दै छन् भन्दा पनि के एजेन्डा, नीति तथा कार्यक्रम लिएर मिल्दै छन् भन्ने विषयले अर्थ राख्ने उनको टिप्पणी छ।

सहकारी ठगी काण्डमा पाँचवटा अदालतबाट पुर्पक्षका लागि थुनामा पठाइएका लामिछाने अदालतकै आदेशमा गत शुक्रबार जिल्ला अदालत रूपन्देहीमा ३ करोड ७४ लाख ८४ हजार रुपैयाँबराबरको बैंक जमानत बुझाएर थुनामुक्त भएका थिए। त्यसपछि उनको राजनीतिक सक्रियता बढेको छ। लामिछानेले सुरुमा जेनजी आन्दोलनका घाइतेहरूलाई अस्पताल पुगेर भेटेका थिए। त्यस्तै, आइतबार प्रधानमन्त्री सुशीला कार्कीसँग भेटेका उनले सोही रात नै असिम साहको घरमा बालेन संक्षिप्त भेटवार्ता गरेका थिए।

लामो समय सत्ता र शक्तिमा बसेका पुराना दल र तीनका शीर्ष नेताहरूको सिन्डिकेट तोड्न रवि-बालेन छलफलले सकारात्मक सन्देश प्रवाह गरेको रास्वपाका नेता गणेश पराजुलीले बताए। 'देशमा विद्यमान पुराना राजनीतिक दलहरूको सिन्डिकेट तोड्न सबै वैकल्पिक शक्ति एकजुट भएर मूलधारको राजनीतिक शक्ति निर्माणको आवश्यकता छ। त्यसैअनुसार नेताबीच संवाद प्रारम्भ भएको कुराले आमरूपमा सकारात्मक सन्देश प्रवाह भएको छ' उनले भने। आगामी आमनिर्वाचनमा बालेन शाह, कुलमान घिसिङ र हर्क साम्पाङजस्ता परिवर्तनका पक्षधर नयाँ शक्तिहरू एक ठाउँ उभिनुपर्नेमा उनको जोड छ।

यसै क्रममा कुलमान घिसिङको उज्यालो नेपाल पार्टीबारे पनि छलफल भएको बताइन्छ। यसअघि कुलमान र बालेनबीच पनि भेटवार्ता भएको थियो। पछिल्लोपटक नयाँ दल र जेनजी अगुवाबीच छलफल अघि बढेकाले मुलुक नयाँ राजनीतिक कोर्समा जाने अपेक्षा गरिएको नेताहरूले बताएका छन्।

## शीतल...

संयोजक प्रचण्डले पनि समयमै चुनाव हुनुपर्ने बताए। अन्यथा, परिस्थिति फरक हुन सक्ने भन्दै उनले पनि सरकारलाई नै प्रश्न गरे, 'चुनाव नभए संसद् पुनर्स्थापनाको विषय बलियो बन्दैन र ?'

अर्थात् शीतल निवासमा प्रधानमन्त्री सुशीला प्रश्नले घेरिइन्। उनले चुनावको विकल्प नरहेको र चुनावबाहेक सरकारले केही नसोचेको जवाफ दिइन्। शान्तिसुरक्षा र चुनावी वातावरणबारे शीर्ष नेताहरूको प्रश्नले घेरिएकी प्रधानमन्त्री कार्कीको एउटै उत्तर थियो, 'म चुनावको वातावरण बनाउँछु। दलहरू तयार हुनुपऱ्यो।' लगत्तै बालुवाटारमा अर्को छलफल गर्ने समझदारीसमेत बनेको शीतल निवास स्रोतले बतायो।

प्रधानमन्त्री कार्की बाहिरिएपछि फेरि शीतल निवासमै ओली, देउवा, प्रचण्ड छलफलमा रहे। मुलुकलाई संवैधानिक रूपमा अगाडि बढाउने सन्दर्भमा उनीहरूमा बीचमा संवाद भएको छ।

नेपाली कांग्रेस समयमै चुनाव भए चुनावमा भाग लिने र चुनाव नभए प्रतिनिधि सभा पुनर्स्थापनाको माग लिएर अगाडि बढ्ने नीतिमा छ। एमाले प्रतिनिधि सभा पुनर्स्थापनाको मागलाई प्रमुख विषय बनाएर अगाडि बढेको छ भने नेपाली कम्युनिस्ट पार्टी समयमै चुनाव हुनुपर्ने पक्षमा देखिएको छ। चुनाव नभए प्रतिनिधि सभा पुनर्स्थापनाको माग बलियो हुने उसको पनि तर्क छ। यहीबेला सरकारले राजनीतिक दलहरूको कार्यालय भ्रमण गर्ने र शीर्ष संवाद गर्ने कार्य एकसाथ सुरु गरेको हो।

## बयान...

रिजालले आदेश दिएका कारण भदौ २३ मा विद्यार्थीहरूको ज्यान गएको र त्यसपश्चातको आन्दोलनले थप उग्ररूप लिएको आरोप छ। उनलाई त्यसबेला जिम्मेवारी खोसेर गृह मन्त्रालयमा तानिएको थियो।

सरकारले तीन उच्च अधिकारीमाथि बयान लिएर स्थानहद फुकुवा गरे पनि बयान लिन बाँकी राजनीतिक नेतृत्व ओली र लेखकमाथिको स्थानहद यथावत् छ। केही सुरक्षा अधिकारी र निजामती कर्मचारीहरूको बाँकी रहेको बयान सकेपछि आयोगले लेखकलाई बयानका लागि पत्र पठाइसकेको छ भने ओलीलाई पत्र पठाउने तयारी गरेको छ। आयोगले कम्तीमा पनि एक साताको समय दिनेगरी पत्र पठाउने तयारी गरेको हो। पूर्वप्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङले स्थान हद फुकुवापछि कुनै ठाउँमा आउनुपर्ने भए निमन्त्रणा गर्न आग्रह गरेका छन्। मंगलबार खापुङले सामाजिक सञ्जाल फेसबुकमा जाँचबुझ आयोगले दिएको फुकुवा पत्र राख्दै लेखेका छन्, 'लु है कतै निमन्त्रणा छ भने भन्नुहोस् है !'।

## वैदेशिक...

प्रहरीका सम्पूर्ण युनिटलाई निर्देशन दिने तथा गृह मन्त्रालयसँग समेत समन्वय गरेर काम गर्ने बताएको पनि अध्यक्ष पन्थीले जानकारी दिए। सरोकार केन्द्र वैदेशिक रोजगारी ठगी, मानव बेचबिखन तथा ओसारपसार, मानव तस्करी, सामाजिक सञ्जालको दुरुपयोग, लागूऔषध दुर्व्यसनी न्यूनीकरणमा भूमिका खेल्ने उद्देश्यका साथ स्थापना गरिएको गैरनाफामूलक संस्था हो।

उक्त संस्थाले वैदेशिक रोजगारमा अलपत्र परेका ४९ जनालाई उद्धार गरेको र २५ भन्दा बढी सामुदायिक विद्यालयमा जनचेतनामूलक कार्यक्रम गरेको बताएको छ। त्यस्तै रकमको अभावमा न्यायको पहुँचमा बाहिर रहेका ५५ जनालाई निःशुल्क कानुनी सेवा दिइएको पनि केन्द्रले जनाएको छ।

# सत्यवादी माविको अक्षयकोषमा ५० हजार सहयोग

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ८ पुस

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बझाङमा सवारी चालकका रूपमा कार्यरत तिलक बम्मले सत्यवादी माध्यमिक विद्यालय, भोपुरमा अध्ययनरत अनाथ विद्यार्थीहरूको सहयोगका लागि ५० हजार ५ सय ५५ रुपैयाँ सहयोग गरेका छन्। मंगलबार विद्यालयको १२० औं वार्षिकोत्सवको अवसरमा बम्मले उक्त रकम विद्यालयलाई हस्तान्तरण गरेका हुन्।

विद्यालयमा अनाथ तथा आर्थिक रूपमा कमजोर विद्यार्थीहरूको शिक्षामा



सहयोग पुऱ्याउने उद्देश्यले अक्षकोषका लागि सहयोग गरेको उनले बताए। बम्मले भने, 'मैले पनि पठनपाठनका लागि दुःख पाएकाले शिक्षा सबैका लागि पहुँचयोग्य हुनुपर्छ। अनाथ विद्यार्थीहरूलाई सानो सहयोगले पनि ठुलो हौसला मिल्छ भनेर सानो सहयोग गरेको छु।' साथै बमले सबैलाईलाई सक्दो सहयोग गर्न अपिल गरेका छन्।

सत्यवादी माध्यमिक विद्यालयको वार्षिकोत्सव मंगलबारदेखि विभिन्न कार्यक्रमसहित सुरु भएको छ। सो अवसरमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष नरेन्द्र खड्काले बमको सहयोगलाई प्रेरणादायी भन्दै धन्यवाद व्यक्त गरेका छन्। मनकारी व्यक्तिबाट आएको सहयोगले समाजमा सकारात्मक सन्देश प्रवाह गरेको अध्यक्ष खड्काको भनाइ छ।

विद्यालयका प्रधानाध्यापक खगेन्द्रप्रसाद जोशीले पनि बम्मको योगदानको प्रशंसा गर्दै अनाथ विद्यार्थीहरूको भविष्य सुरक्षित गर्न कोषका लागि गरेको सहयोगले विद्यार्थीहरूको लागि महत्वपूर्ण आधार बन्ने बताए। उनले यस्ता सहयोगले विद्यार्थीहरूमा पढाइप्रति उत्साह थपिने बताएका छन्। विद्यालय प्रशासनका अनुसार सहयोग रकम अनाथ तथा विपन्न विद्यार्थीहरूको शैक्षिक सामग्री, पोशाकमा खर्च गरिने भएको छ।


**Government of Koshi Province**
**Ministry of physical Infrastructure Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office, Morang**
**Biratnagar, Nepal**

**Invitation for Electronic Bids**

**First Date of Publication: 2082/09/09 (24th December 2025)**

1. Government of Koshi Province has allocated funds towards the Upgrading/construction of following works and invites electronics bids only from eligible Nepalese bidders.

| S. N. | Contract Identification Number | Description and Location of work | Bid Validity Period | Estimated Amount including VAT& PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDO/MOR/NCB/ B/W-183/082-83 | Construction Of Sushil Koirala Smriti Bhawan Nirman, Biratnagar-08 Morang. | 90 days | 19,281,681.55 | 4,80,000 | 3000 |
| 2 | IDO/MOR/NCB/ B/W-184/082-83 | Construction of Aadhibashi Janajati Samudayak Bhawan Nirman, Pathari Sanischare Municipality Wada -01, Morang | 90 days | 3,379,553.40 | 75,000 | 3000 |
| 3 | IDO/MOR/SQ/ B/W-185/082-83 | Construction Of Rishidev Community Building Sunbarshi-5, Jhungi Tol | 45 days | 1,931,563.51 | 48,000 | 1000 |
| 4 | IDO/MOR/SQ/ B/W-186/082-83 | Bhola baba mandir Dharamsala nirman kathari ga.pa -04, Morang | 45 days | 1,930,885.60 | 48,000 | 1000 |
| 5 | IDO/MOR/SQ/ B/W-187/082-83 | Construction of Building Baudhika Karmakad Parishada Nepal, Biratnagar -05 Morang | 45 days | 1,448,566.68 | 35,000 | 1000 |

2. Last date of Bid Submission for Sealed Quotation is 2082/09/24 (8th January 2026) at 12:00 Noon and bid opening shall take place in Infrastructure Development Office, Morang on 2082/09/24 (8th January 2026) at 13:00 PM.
3. Last date of Bid Submission for NCB is 2082/10/09 (23th January 2026) at 12:00 Noon and bid opening shall take place in Infrastructure Development Office, Morang on 2082/10/09 (23th January 2026) at 13:00 PM.
4. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Detail Information related to respective invitation for bids can obtain from PPMO's e-GP system website: http://www.bolpatra.gov.np

**Office Chief**



**Naugad Rural Municipality**
**Office of Rural Municipal Executive**
**Hoparigad, Darchula**
**Sudurpashchim Province¸ Nepal**
**Date of publication: 23-12-2025 16:30**

1. Naugad Rural Municipality invites electronic bids from Nepalese eligible bidders for following bid under National Competitive Bidding procedures.

| S. N. | Contract No. | Description of Works | Estimated Amount Without VAT | Bid Document Fee Non-refundable |
|---|---|---|---|---|
| 1 | NRM/NCB/G/01-2082/0833 | Procurement of Medical equipment and beds for health institution | ***1,12,07500*** | 3¸000 (Three thousand only) |

2. Eligible Bidders may obtain for further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Global IME Bank Hoparigad Branch Darchula**
   Name of Office: **Naugad Rural Municipality** **Office Code no.** 801077305
   **Ga.1.1 Aantarik Rajaswo Khata Naugad**, **AC. No:** 26504010000007 (*bid document fee*)
   **Rajaswa Shirshak No:** 14229
   **Ga.3.1 Dharauti Khata Naugad**, **AC. No**. 26504010000004 (*for cash bid security*)
4. Pre-bid meeting shall be held at Naugad Rural Municipality Naugad Hoparigad Darchula Sudurpashchim Province Nepal at **January 8, 2026 17:00** hours.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before **January 22, 2026 12:00 Noon.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **January 22, 2026 14:00 PM** at the office of Naugad Rural Municipality Naugad Hoparigad, Darchula Sudurpashchim Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. **3,25,000** which shall be valid for 30 days beyond the validity period of the bid ***120 Days.***
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. Contact Number: 9858784584/ 9868711567

**Chief Administrative Officer**

# दोहाको एक ज्वेलरीका सञ्चालकले एक सय नेपालीको लाखौं रियाल ठगी गरेको आरोप

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा कतार, ८ पुस

कतारको राजधानी दोहाको मुटुमा रहेको गोल्ड सुकभित्र रहेको 'गोल्डेन स्टोन ज्वेलरी' नामक सुनचाँदी पसलका सञ्चालकले करिब १ सय नेपालीबाट १० देखि १५ लाख रियाल ठगी गरी सम्पर्क विहीन भएको घटना सार्वजनिक भएको छ ।


आइतबार साँझ एनआरएनए एनसीसी कतारका अध्यक्ष कृष्ण पन्थी, उपाध्यक्ष तथा श्रमिक विभाग संयोजक सन्तोष पौडेलसँग आफ्ना गुनासा राख्न र सहयोगको याचना गर्न दर्जनौं पीडित गोर्खाली रेस्टुरेन्ट मुन्ताजामा आइपुगेपछि घटना सार्वजनिक भएको हो ।

पीडितहरूले पत्रकारको खोजी गरेको सूचना पाए लगत्तै मध्यान्हकर्मी सोही स्थानमा पुग्दा करिब २ दर्जन पीडितहरू मलिनो अनुहार लगाएर बसेका थिए ।

'नेपालीले नेपालीलाई नै ठगे गहना बनाउन अर्डर दिँदा एड्भान्स दिएको रकम कुम्ल्याएर साहु नै भागे' उनीहरुले भने,'पसल खुल्ला हुँदा त हामीले अर्डर गरेको गहना पाइन्छ भन्ने लागेको थियो, अहिले त पसल बन्द छ, यस कारण हामी ठगियौं भन्ने लागेको छ ।'

पीडितहरूका गुनासाहरूलाई ध्यानपूर्वक सुनिरहेका पन्थीले पीडकको खोजी र कानुनी सहायताका बारेमा बुझाए । नाम नखुलाउने सर्तमा अर्का एक पीडितको ५० हजार कतारी रियाल अर्थात् झन्डै २० लाख नेपाली रुपैयाँ फसेको बताए । उनले कतारमा रहेका परिवारका लागि गहना अर्डर गरेको दाबी गरे ।

पीडितहरू नेपाली पुरुष मात्र नभएर महिलाहरू समेत रहेको पाइएको छ । पुराना गहनालाई



नयाँ बनाउनेदेखि सोही पसलमा बनाएका गहना साट्नेसम्मको कारोबार गर्ने पसलले विश्वास जितेर ग्राहक ठगेको देखिन्छ ।

नेपाली नागरिक बाहेक नेपाली भाषी भुटानी नागरिकहरूलाई समेत ठगी गरी फरार हुने सिराहाका मोहम्मद नरिसुल रैन रहेका छन् । उक्त पसलको दर्ता नरिशुलको नाममा रहेको कतारको उद्योग तथा वाणिज्य विभागको रेकर्डमा देखिन्छ । उनीमाथि लागेको आरोप उपर उनको विचार लिनका लागि सम्पर्क गर्न खोज्दा उनी सम्पर्कमा आउन चाहेनन् ।

उनको परिवारको निकट एक व्यक्तिका अनुसार उनी विगत २ महिना भन्दा बढी लामो समयदेखि नेपालमा रहेको र आफू पसलमा रहँदा कसैको पनि उधारो कारोबार बाँकी नरहेको दाबी गरेका छन् ।

आफू कतार हुँदा कसैको कारोबार बाँकी भए नेपालबाट नै हिसाब मिलाउन आफू तयार रहेको बताउँदै सबै बेइमानी आफ्नो व्यवसायिक साझेदारले गरेको दाबी गरेको नरिशुललाई उद्धृत गर्दै परिवारका सदस्यले मध्यान्हलाई जानकारी दिए ।

नारिशुलका व्यवसायिक साझेदार रहेका रौतहट जिल्ला जिंगडवा-९ निवासी मो.मोआज आलमलाई सम्पर्क गर्दा सम्पर्क हुन सकेन । उनलाई मध्यान्हकर्मीले आफ्नो परिचय दिएर विभिन्न माध्यमबाट सम्पर्क गर्दा समेत उनले प्रश्नको जवाफ दिएनन् ।

यद्यपि उनको कतारी आइडी नम्बरमार्फत कागजात चेक गर्दा भने उनी पसलको साझेदार भने देखिएका छन् । नेपाली व्यवसायीबाट कतारमा श्रमिक ठगिएको यो निकै ठुलो घटना हो । नेपालीहरू सुन पसलबाट ठगिएको कुरा बाहिर आएपछि धेरैजसोले यस घटनालाई शंकाको नजरले हेरेपनि पीडितहरूले यहाँको स्थानीय प्रशासनमा समेत लिखित उजुरी दिएका छन् । पीडितहरूले एनसीसी कतारमा समेत सहयोगको याचना गरेपछि एनसीसी कतारका तृतीय उपाध्यक्ष जहागिर आलमसहित पीडितहरू दूतावास पुगेर आफ्ना समस्या राखेका थिए । कतारको कानुनको पालना गर्दै पीडितहरूले दिएको उजुरीप्रति दूतावासले ऐक्यबद्धता जनाउँदै दूतावासका तर्फबाट सक्दो साथ सहयोग रहने बताएको एक सहभागीले बताए ।

पीडितहरूले एक ह्वाट्स एप ग्रुप क्रियट गरी पीडितलाई जोड्दै जाँदा करिब एक सय जना पीडित ग्रुपमा जोडिएको पीडित महिला जानकारी दिइन् ।

सुन प्रकरण बाहिरिएपछि कतारको नेपाली समुदाय समेत संशकित बनेको छ । यस प्रकरण तथा कानुनी प्रावधानका बारेमा राष्ट्रिय मानवअधिकार आयोग कतारमा कार्यरत प्रो.मोहम्मद रमजान अलि मियाँसँग जिज्ञासा राख्दा उनले आफू कहाँ विधिवत् रूपमा राष्ट्रिय मानवअधिकार आयोगको नाममा निवेदन/उजुरी आए हामी कतारको सम्बन्धित निकायमा यसलाई पुऱ्याउने र थप सहयोग गर्ने बताए ।

आफू व्यक्तिगत रूपमा कम्युनिटी पुलिस र इकोनोमी क्राइम ब्रान्चमार्फत पनि ठगी गर्ने व्यक्ति अथवा गिरोहको गतिविधिबारे जानकारी गराइ पीडित पक्षलाई न्याय दिलाउने प्रयास गर्ने बताए । यता एनसीसी कतारका अध्यक्ष पन्थीले पनि आफू पीडितहरूको साथमा रहेको बताउँदै आफ्नो तर्फबाट हुने सबै सहयोग गर्न तयार रहेको बताए ।

# 'सञ्चारमाध्यमप्रति विश्वसनीयता बढाउन तथ्यजाँच आवश्यक'



**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्यले मिथ्या सूचनाका कारण सञ्चार माध्यमप्रति पाठक, स्रोता र दर्शकको विश्वसनीयता घटिरहेको बेला तथ्यजाँच आवश्यक रहेको बताएका छन् ।

प्रेस काउन्सिल नेपालले मंगलबार काउन्सिल सभाहलमा आयोजित सञ्चार माध्यमको अनुगमन गर्ने सन्दर्भमा तथ्यजाँच सम्बन्धी छलफल कार्यक्रम अध्यक्ष डा. आचार्यले त्यसका लागि स्वतन्त्र तथ्य जाँचकर्ताहरूको भूमिका अपरिहार्य हुने बताउँदै सामाजिक सञ्जालमा आएका सबै सूचनालाई तथ्य समाचार नठान्न आग्रह गरे ।

काउन्सिलद्वारा गठित तथ्यजाँच कार्यदलका संयोजक भीमलाल श्रेष्ठको सभापतित्वमा आयोजित उक्त छलफलमा तथ्यजाँचका क्षेत्रमा क्रियाशील उमेश श्रेष्ठ, प्रवेश सुवेदी, रविराज बराल, शिव बस्नेत, यामु कँडेललगायतले तथ्यजाँचसम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रूपमा भएगरेका अभ्यास तथ्यजाँचसम्बन्धी, तौरतरिका, विधि र काउन्सिलले आगामी दिनमा गर्नुपर्ने कार्यमा सम्बन्धमा काउन्सिललाई सुझाव दिए ।

काउन्सिलले पत्रकार अनुगमनसंहिता अनुगमन कार्यलाई थप प्रभावकारी बनाउन सहयोग पुगोस् भन्ने हेतूले तथ्यजाँचसम्बन्धी विज्ञहरूसँग छलफल कार्यक्रम आयोजना गरिएको संयोजक भीमलाल श्रेष्ठले जानकारी दिए । छलफल कार्यक्रममा काउन्सिल सदस्यहरू कुमारी निमा काफ्ले, नकुल अर्याल, बालकृष्ण अधिकारी, मुख्य अधिकृत झबिन्द्र भुसाललगायतको सहभागिता रहेको थियो ।

**Jayaprithvi Municipality**
**Office of The Municipal Executive**
**Chainpur, Bajhang**

**Invitation for Electronic Bids**

**Date of publication: 2082/09/09**

Method of Procurement: NCB , Eligibility Procedure

1. Jayaprithvi Municipality,Bajhang invites Electronic bids for following Works from Nepalese eligible bidders for following works under NCB procedures. The estimated amount and the summary for the work is given below.

| S N | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Including VAT and PS] | Bid Security amount (Nrs) | Bid Security Validity Period | Bid Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | JPM-NCB-05-2082/083 | Lauthichhada Khanpepani Construction Work | 24,36,005.81 | 56,000/- | 120 Day | 3,000/- |
| 2 | JPM-NCB-06-2082/083 | Tahikhet Mora Drainage Outlet Construction Work | 29,23,429.52 | 68,000/- | 120 Day | 3,000/- |
| 3 | JPM-NCB-07-2082/083 | Ganesh Smritibhawan Construction Work | 38,97,905.04 | 90,000/- | 120 Day | 3,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the jayaprithvi Municipality website(www.jayaprithvimun.gov.np), Email Address: jpmunicipality2014@gmail.com, Contact No: 092421064, 9868861828, 9858490254 or may visit PPMO website www.bolpatra.gov.np.

| Cash Deposit for Bid Fee | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Bank | Rastriya Banijya Bank, Bajhang | Bank | Rastriya Banijya Bank, Bajhang |
| A/C Name | JAYAPRITHIVI NA.PA.(GA-1-1)-AANTARI | A/C Name | JAYAPRITHIVI NA.PA.(GA-3)-DHARAUTI |
| Account Number: | 4110100301010004 | Account Number | 4110100303000004 |
| Office Code | 801077001 | Office Code | 8010 77001 |

3. Purchase, Submission and Opening

| Last date of Bid Purchase | Last Date of Submission | Bid Opening |
|---|---|---|
| Date and time | Date and Time | Date and Time |
| 2082/10/09 12:00 | 2082/10/09 12:00 | 2082/10/09 14:00 |

**Nain Bahadur Singh**

**VACANCY ANNOUNCEMENT**

एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

WE'RE HIRING

**Documentation- 3 (M/F)**
**Receptionist- 2 (F)**
**PRO - 5 (M/F)**

तलब आपसी समझदारीमा तय गरिनेछ ।

▶ म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्ष वा सो भन्दा माथी अनुभव भएकाहरुले मात्र आवेदन दिन सक्नुहुनेछ ।

**MAITRI OVERSEAS PVT. LTD.** Govt. Lic. No.: 1809/082/83
Omnagar, Sinamangal - 09 , Kathmandu
Tel.: 01 - 5929486, 9851380047
E-mail : overseasmaitri@gmail.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१/०५/२६ मा दर्ता भएको **प्रा. लि. नं. १९८३७० को** श्री **प्याराडाईज नेपाल रियल इंस्टेट एण्ड ईन्भेष्टमेण्ट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बहराइनमा रोजगार**

कम्पनी : EVER FINE TRADING W.L.L. — शहर: BAHRAIN
पूर्व स्वीकृत मितिः २०८२/०४/२९ चलानी नं.: ६०२४३६८७ L.T. No.: 329211 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 9 | 15 | सम्बन्धित काममा दक्ष | 150 | ५६,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner General | 13 | 0 | | 130 | ४९,३५८ | | | | | | | |
| 3. | Helper | 15 | 0 | | 130 | ४९,३५८ | | | | | | | |
| 4. | Sales-man | 22 | 0 | | 150 | ५६,९५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १६ गते** (31 December 2025) **मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. — श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
**साबिक** : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.), **गोंगबु, काठमाडौं, फोन** : ०१-५९१९८११, ०१-५९१९८१२
**Kathmandu No: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192, 9823301035**

**लुम्बिनी विकास बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना**

प्रकाशित मिति २०८२/०९/०९ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले यस विकास बैंकबाट उपलव्ध गराईने बोलपत्र फाराममा उल्लिखित शर्तहरुको अधिनमा रही आफुले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी बोलपत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौंमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । यस विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिनमा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३:०० बजे बोलपत्र खोलिने छ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ । बोलपत्र फारम एक प्रतिको रु. ५००/- (फिर्ता नहुने गरी) मा यस बैंकबाट खरिद गर्न सकिनेछ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नुहोला ।

**तपसिल**

| क्र.सं. | जिल्ला | म.न.पा./उ.म.न.पा./न.पा./गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ललितपुर | चापागाउँ | २ | ३४७ र ३४८ | ०-३-०-३ र ०-३-०-२ (रोपनी) | घर/जग्गा |

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय : २०८२ पौष १६ गते बुधबार १२:०० बजे सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ पौष १६ गते बुधबार दिनको ३:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लि. केन्द्रिय कार्यालय, डिल्लीबजार कर्जा असुली विभाग ।**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालयः**
**सनराईज विजपार्क डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६**
**फ्याक्स नं. ०१-४५१३५२६**

# Invitation for Bids
# Guthichaur Rural Municipality

**Dhalmudi-04, Jumla**

**Invitation for Bids No: NCB/082-083/GRM2**

**Date of publication: 2082/09/09**

1. ***Guthichaur Rural Municipality, Dhalmudi-04, Jumla*** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of ***Upgrading and Blacktop Road Connecting from Dansagu to Guthichaur Rural Municipality Office.*** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. **1,67,98,547.36 *[insert amount in estimate amount inclusive VAT & Contingencies].***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Guthichaur Rural Municipality, dhaulmudi Jumla, bhandaridipendra019@gmail.com, 9843951496*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the PPMO website www.bolpatra.gov.np/egp.

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Name of the Bank : Laxmi Sunrise Bank Ltd
Name of Office : Guthichar Gaun Karyapalika Ga 1.1 Antarik Rajashw Khata
Office Code no. : 801066203
Account no. : 0780489611703009
Rajaswa (revenue) Shirshak no. : 14229

4. Pre-bid meeting shall be held at **Guthichaur Rural Municipality, Dhalmudi-04, Jumla** at **2082/09/30, 2:00pm**
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before **12:00 pm** on **2082/10/11** Bids received after this deadline will be rejected..
6. The bids will be opened in the presence or not of Bidders' representatives who choose to attend at **14:00, 2082/10/11** at the office of **Guthichaur Rural Municipality , Dhalmudi-04, Jumla**. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **Nrs. 4,20,000 (Four Lakh Twenty Thousand only.)** of estimated amount inclusive VAT, which shall be valid for 30 days beyond the validity period of the bid .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The power of Authority of this bid-document with Guthichaur Rural Municipality.

| S. N. | Contract identification | Name of Project | Estimated Amount (including VAT and Contingency) Nrs. | Bid Security amount Nrs. | Bid document Fee (Non Refundable) Nrs. |
|---|---|---|---|---|---|
| 1 | NCB/082-083/ GRM2 | Upgrading and Blacktop Road Connecting from Dansagu to Guthichaur Rural Municipality Office | 1,67,98,547.36 | 4,20,000 | 3,000 |

मध्यान्ह
www.madhyanhadaily.com
९ पुस २०८२ बुधबार
24 December 2025 Wednesday

## सम्पादकीय

# संवाद बढाऊ

अन्तरिम सरकार बनेको साढे तीन महिनापछि प्रधानमन्त्री सुशीला कार्की विघटित प्रतिनिधि सभाका तीन मुख्य दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीका शीर्ष नेताहरूसँग संवादमा बसेकी छन् । २१ फागुनका लागि तोकिएको चुनाव नजिकिँदै जाँदा मुख्य दलहरूले सुरक्षित वातावरण नबनेको बताइरहेका बेला राष्ट्रपति रामचन्द्र पौडेलको पहलमा पहिलोपटक छलफल भएको हो । कांग्रेस–एमाले, जनमत र जसपा चुनावको साटो प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा बलियोसँग उभिएपछि अन्तरिम सरकार संकटमा परेको थियो । जेनजी विद्रोहलगत्तै जटिल परिस्थितिमा संविधानको छिद्र खोजेर राष्ट्रपति पौडेलले पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरेका थिए । सरकार र यसले गरेको प्रतिनिधि सभा विघटनको सर्वोच्च अदालतमा संवैधानिक परीक्षण हुनुअघि सरकारले मुख्य राजनीतिक शक्तिसँग संवादहीनता तोडेर चुनावको वातावरण बनाउन लागेको हो । यसले लामो समयदेखिको संवादहीनताको अन्त्य मात्र गरेको छैन, तोकिएकै समयमा प्रतिनिधि सभा निर्वाचन हुने आशा जगाएको छ ।

जेनजी आन्दोलनपछि सरकार र प्रमुख दलबीच दूरी बढ्दै गएको थियो । खासगरी प्रधानमन्त्री कार्कीले तीन पुराना दलका शीर्ष नेताको मुख पनि हेर्न नचाहेको अभिव्यक्ति दिएपछि सम्बन्ध चिसिएको थियो । प्रधानमन्त्रीले बोलाएका बैठकमा कांग्रेसले महेन्द्र यादव र एमालेले सचिव महेश बस्नेत पठाउन थालेपछि सरकार दलहरूसँग संवाद र सम्बन्ध सुधार्न लागेको देखिन्छ । राष्ट्रपतिले संवादको वातावरण बनाउनु आफैंमा सकारात्मक कदम हो । प्रधानमन्त्री कार्की मंगलबार शीतल निवासमा पूर्वप्रधानमन्त्रीत्रय शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'सँग छलफलमा बसिरहँदा दुई मन्त्रीहरू जेनजी आन्दोलनका बेला क्षतिग्रस्त एमाले, कांग्रेस र नेकपाका पार्टी कार्यालय निरीक्षण गर्दै थिए । सर्वोच्चमा संसद् पुनर्स्थापनाको सुनुवाइ हुनुअघि नै दलहरूसँग सम्बन्ध सुधारेर तोकिएको मितिमै चुनाव गर्ने रणनीतिमा सरकार देखिन्छ । तीन महिनापछि आएर सरकार हेरफेर वा अन्य वैकल्पिक बाटो खोज्ने प्रयासले अस्थिरता बढाउँछ । संविधानमा लागेका घाउचोटको उपचार पनि चुनावबाटै गरिनुपर्छ ।

अन्तरिम सरकारको मुख्य कार्यभार राष्ट्रिय संकटबाट मुलुकलाई पार लगाउनु हो । जेनजी आन्दोलनले उठाएका केही माग तत्कालै सम्बोधन गर्नुपर्नेछ । त्यसबाहेक मूलतः यो चुनावी सरकार नै हो । त्यसैले चुनाव प्रभावित हुनेगरी सरकारले कुनै गतिविधि गर्नुहुँदैन । तोकिएको समयमा चुनाव गरेर जनमतप्राप्त दल वा नेतालाई सत्ता हस्तान्तरण गर्नु नै अहिलेको राजनीतिक तथा संवैधानिक संकटको सही निकास हो । त्यसैले अहिलेको राजनीतिक अन्योलको समाधान दिन सक्छ । लिकबाहिर पुगेको संविधानलाई ट्र्याकमा फर्काउन सक्छ । जनताको ताजा जनादेशअनुसार नयाँ सरकार आउनु नै अहिलेको सबैभन्दा उत्तम विकल्प हो । त्यसका लागि चुनावप्रति सरकार र दलहरू इमानदार बन्नुपर्छ ।

लोकतन्त्रमा असहमति र भिन्न मत स्वाभाविक हुन्छ । तर मत भिन्नताकै कारण संवादको ढोका बन्द गर्नुहुँदैन । संवाद र छलफलबाटै समस्याको समाधान खोजिनुपर्छ । ढिलै भए पनि प्रधानमन्त्री कार्कीले त्यसतर्फ पाइला चालेकी छन् । शीतल निवास भेटले सकारात्मक सन्देश दिएको छ । अब यो संवाद निरन्तर हुनुपर्छ । सरकार र दलबीच विश्वासको वातावरण बनाएर सम्पूर्ण राजनीतिक शक्ति निष्पक्ष र विश्वसनीय चुनावतर्फ जानु नै अहिलेको आवश्यकता हो ।

# राष्ट्रिय राजनीति र एमाले

*११औं महाधिवेशनले एमालेभित्र लोकतन्त्रको स्तर मापन गर्ने ऐतिहासिक अवसर दिएको थियो । तर नेतृत्वले त्यो अवसर गुमायो ।*

अग्रलेख



● लेखनाथ सिकारू

राजनीति समाजलाई सही दिशामा लैजाने नैतिक अभ्यास हो । तर आजको नेपाली राजनीति त्यस अभ्यासबाट धेरै पर भड्किएको छ । सत्ता नै जीवन-मरणको प्रश्न बनेको छ र सत्ताका लागि संविधान, कानून, नैतिकता र जनभावनासमेत बलि चढाइँदै छ । यही सन्दर्भमा नेकपा एमालेको ११औं महाधिवेशन, अध्यक्ष केपी शर्मा ओलीको नेतृत्व शैली, जेनजी आन्दोलनप्रतिको दृष्टिकोण र महाधिवेशनमा देखिएको एकाधिकार, जहाँ बन्द सत्रमा बोल्न पनि उनकै अनुमति चाहिने जस्ता हास्यास्पद अवस्थाहरूले नेपालको लोकतान्त्रिक यात्रामाथि गम्भीर प्रश्न खडा गरेका छन् ।

महाधिवेशनले लोकतन्त्रका मूल्यलाई अझै उच्च बनाउने अपेक्षा गरिएको थियो । तर त्यही महाधिवेशनबाट ओलीको एकाधिकार झनै सुदृढ भएर आयो । हुन त उद्घाटन सत्रबाटै त्यसको संकेत देखिएको थियो, जहाँ फरक मत राखेकै कारण ईश्वर पोखरेलजस्ता वरिष्ठ नेताहरू बहिष्करणमा परे । विचारको भिन्नताका कारण निषेध गरिनु लोकतान्त्रिक अभ्यासको ठाडो अपमान हो ।

संविधान नमान्ने नेतृत्वले विधान मान्छ ? यो प्रश्न आज केवल राजनीतिक कटाक्ष होइन, यथार्थ हो । जसले दुई-दुई पटक संसद् विघटन गरेर संविधानको मर्ममाथि प्रहार गर्‍यो, जसले सर्वोच्च अदालतको फैसलालाई 'परमादेश' भनेर होच्याउने भाष्य निर्माण गर्‍यो, उसबाट पार्टी विधानको सम्मान हुने अपेक्षा गर्नु आफैँमा भ्रम हो । ओली नेतृत्वमा एमालेले देखाएको व्यवहारले यही यथार्थ पुष्टि गर्छ ।

पार्टीले आफैँ बनाएको विधान मिच्नु सामान्य अभ्यासजस्तै बनाइएको छ । महाधिवेशनमा अध्यक्ष मण्डल घोषणा नगरी अध्यक्ष स्वयंले कार्यक्रम सञ्चालन गर्नु, बन्द सत्रमा अध्यक्षको अनुमतिबिना बोल्न नपाइने नियम सुनाइनु, यी सबै विधानको खुला उल्लंघन हुन् । जसका लागि संविधान मिच्नु ठूलो विषय थिएन, उनका लागि पार्टी विधान मिच्नु झनै सानो विषय बन्नु स्वाभाविक देखिन्छ ।

लोकतान्त्रिक पार्टीमा विधान परिवर्तन बहस र सहमतिबाट हुन्छ । तर एमालेमा केन्द्रीय कमिटी बैठकमार्फत विधान परिवर्तन गर्ने प्रवृत्तिले विधिभन्दा शक्तिको शासन हाबी भएको देखाउँछ । यो प्रक्रिया वैधानिकभन्दा बढी सुविधाजन्य देखिन्छ, नेतृत्व जोगाउन विधान फेरिने, आवश्यक परे फेरि मिचिने । यही प्रवृत्तिले पार्टीलाई संस्थागतभन्दा व्यक्ति केन्द्रित बनाएको छ । संस्था कमजोर र व्यक्ति शक्तिशाली हुँदै जाँदा अन्ततः संगठनको आत्मा मर्छ । एमाले अहिले त्यही गम्भीर संकटतर्फ उन्मुख देखिन्छ ।

११औं महाधिवेशनले एमालेभित्र लोकतन्त्रको स्तर मापन गर्ने ऐतिहासिक अवसर दिएको थियो । तर नेतृत्वले त्यो अवसर गुमायो । फरक मत राखेकै कारण वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई उद्घाटन सत्रमा स्वागत मन्तव्य दिन नदिनु, बन्द सत्रमा आलोचनात्मक आवाजलाई नियन्त्रण गर्ने प्रयास गर्नु, यी सबै घटनाले पार्टीभित्र असहमति अपराध बन्दै गएको संकेत गर्छ । कम्युनिस्ट आन्दोलनको मूल आत्माबहस, आलोचना र आत्मालोचनामा निहित हुन्छ । तर, महाधिवेशन बहसको थलो होइन, ताली र अनुमोदनको मञ्च बन्दै गएको छ ।

जेनजी आन्दोलनलाई 'उन्माद' र 'उपद्र' भन्नु ओलीको असफल शासनबाट भाग्ने प्रयास हो । आन्दोलनका मूल कारण भ्रष्टाचार,



बेरोजगारी र अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप, यी विषयमा आत्म समीक्षा गर्नुको साटो आन्दोलनलाई षड्यन्त्र करार गर्नु सजिलो बाटो हो । पाँच दशकभन्दा लामो राजनीतिक यात्रा हुँदाहुँदै पनि युवा पुस्तामा विश्वास निर्माण गर्न असफल हुनु ओलीले स्विकार्नै नचाहेको यथार्थ हो ।

जेनजी आन्दोलनपछि ओली राजनीतिक रूपमा निकै दबाबमा परे । आन्दोलन उग्र बनेपछि सेनाको हेलिकप्टरमार्फत रेस्क्यु हुनुपर्ने अवस्थामा पुगेका थिए । उनका बालकोटसहित झापा र तेह्रथुमका घर ध्वस्त भए । १० दिन सेनाको क्याम्प बसेपछि भाडाको घरमा सर्नुपर्‍यो । यी सबै घटनाले अवस्था कति गम्भीर थियो भन्ने देखाउँछन् । तर यसले ओलीलाई आत्म समीक्षातर्फ होइन, झनै प्रतिरोधतर्फ धकेल्यो ।

यथार्थ के हो भने जेनजी आन्दोलन देश जलाउने अभियान थिएन, त्यो आदर्श खोज्ने पुस्ताको विद्रोह थियो । यो नेपाली राजनीति, दल संरचना र नेतृत्व-मनोविज्ञान परिवर्तन गर्ने निर्णायक मोड थियो । तर ओलीले आन्दोलनलाई प्रतिगमन, युवालाई 'फेक', सत्ता परिवर्तनलाई षड्यन्त्र र नेतृत्व परिवर्तनलाई हमला ठानेर प्रतिरोधको राजनीतिमा उभिए ।

जब राज्यले आदर्श दिन सक्दैन, तब विद्रोह जन्मिन्छ । आज समाज आदर्शविहीन बन्दै गएको छ । सबैले सबैलाई 'फटाहा', 'चोर' र 'दलाल' भन्ने अवस्था बनेको छ । यो अवस्था अचानक आएको होइन । नेतृत्व स्वयंले नैतिकता त्यागेपछि समाजले पनि त्यही सिक्छ । तर दोष मात्र लगाएर अघि बढ्न सकिँदैन । दोष र गुण दुवैको विश्लेषण गर्दै गल्ती स्विकार्नु र सुधारको बाटो खोज्नु अपरिहार्य छ । आलोचनात्मक चेत जीवित राख्नु नै लोकतन्त्रको आधार हो । प्रश्न गर्न डराउने समाज अन्ततः अधिनायकवादतर्फ धकेलिन्छ ।

राजनीतिक वृत्तमा एउटा कटु टिप्पणी घुमिरहेको छ– एमालेको श्राद्ध ओलीकै पालामा र नेतृत्वमा हुन्छ । यो टिप्पणी केवल आक्रोश होइन, चेतावनी हो । यदि पार्टी व्यक्ति केन्द्रित रहिरह्यो, विचारभन्दा

> *निकास स्पष्ट छ– संविधान र विधानको सम्मान, नेतृत्वको अहंकार त्याग, आलोचना सहने संस्कार र समयमै निष्पक्ष निर्वाचन । लोकतन्त्र कुनै एक नेताको बपौती होइन । आज आलोचनात्मक चेत जोगाउन सकेनौं भने भोलि इतिहासले हामी सबैलाई दोषी ठहराउनेछ ।*

सत्ता ठूलो बनाइयो भने एमालेको राजनीतिक-वैचारिक अवसान यही नेतृत्व कालमै सुरु हुन सक्छ । इतिहास साक्षी छ–अधिनायकवादी मोडमा पुगेका पार्टीहरू या त फुट्छन्, या जनताबाट टाढिन्छन् । एमाले आज यही दोबाटोमा उभिएको छ ।

आजको संकटमा अन्ध समर्थन र अन्ध विरोध दुवै घातक छन् । सरकार, विद्रोही र दल सबैको आलोचना आवश्यक छ । संविधान मिच्ने, विधान तोड्ने, न्यायमाथि प्रश्न उठाउने र युवाको आवाज दबाउने प्रवृत्तिलाई स्वीकार गर्नु भनेको लोकतन्त्रको हत्या स्विकार्नु हो । निकास स्पष्ट छ- संविधान र विधानको सम्मान, नेतृत्वको अहङ्कार त्याग, आलोचना सहने संस्कार र समयमै निष्पक्ष निर्वाचन । लोकतन्त्र कुनै एक नेताको बपौती होइन । आज आलोचनात्मक चेत जोगाउन सकेनौं भने भोलि इतिहासले हामी सबैलाई दोषी ठहराउनेछ । यही चेतनाले मात्र सत्ताको चास्नीमा रमाएका ढाडेहरूलाई चुनौती दिन सक्छ र मुलुकलाई भासिनबाट जोगाउन सक्छ ।

## इतिहासमा आज

२४ डिसेम्बर १९९९ मा इन्डियन एयरलाइन्सको उडान ८१४ भारतीय हवाई क्षेत्रबाट अपहरण गरिएको थियो । विमान अफगानिस्तानको कान्दहारमा अवतरण गरिएको थियो । जुन घटनामा एक यात्रुको मृत्यु भएको थियो भने बाँकी यात्रुलाई सुरक्षित रिहा गरिएको थियो ।



२४ डिसेम्बर २००८ मा युगान्डाको विद्रोही समूह, लर्ड्स रेजिस्टेन्स आर्मीले कंगोको प्रजातान्त्रिक गणतन्त्रमा नागरिकविरुद्ध आक्रमणहरूको शृंखला सुरु गरेको थियो, जसमा ४ सयभन्दा बढीको नरसंहार भएको थियो ।



२४ डिसेम्बर २०२१ मा बर्मी सैन्य बलहरूले मो सो नरसंहार गरेका थिए, जसमा कम्तीमा ४४ नागरिकहरू मारिएका थिए ।



२४ डिसेम्बर १९७४ मा चक्रवात ट्रेसीले अस्ट्रेलियाको डार्विनलाई तहसनहस पारेको थियो ।



# मडारिँदै नयाँ उपनिवेशवाद

विचार



● नारायण प्रसाद पौडेल

> *आज नेपालमाथि देखिएको हस्तक्षेप प्रत्यक्ष शासनको रूपमा त छैन तर निर्णय गर्ने अधिकार, नीति बनाउने स्वतन्त्रता र वैचारिक स्वाधीनता कमजोर पार्ने प्रक्रिया भने इस्ट इन्डिया कम्पनीको रणनीतिसँग अत्यन्त मिल्दोजुल्दो छ ।*

विश्व इतिहासमा धेरै शक्तिशाली र ठूला भनिने देशहरूले पनि उपनिवेशवादको पीडा भोगे । तर नेपाल भने कहिल्यै कसैको उपनिवेश बनेन । यद्यपि आज अपत्यारिलो तर वास्तविक उपनिवेशवादको कालो बादल नेपालमाथि मडारिएको छ । संसद् भवनदेखि सिंहदरबारसम्म जलेका घटना त्यतातर्फ संकेत गर्दछन् ।

उपनिवेशवाद सधैं बन्दुक र सेनासहित मात्र आउँदैन । कहिलेकाहीँ यो व्यापार, सहयोग, विकास र सुधारको सुन्दर आवरणमा पनि प्रवेश गर्छ । भारतमा इस्ट इन्डिया कम्पनीको आगमन यही ऐतिहासिक यथार्थको सबैभन्दा ज्वलन्त उदाहरण हो । सन् १६०० मा एउटा साधारण व्यापारिक संस्थाको रूपमा भारत छिरेको इस्ट इन्डिया कम्पनीले क्रमशः व्यापारिक प्रभाव, आर्थिक नियन्त्रण, सैन्य हस्तक्षेप र राजनीतिक सन्धिहरूको माध्यमबाट भारतलाई नै आफ्नो उपनिवेश बनायो । सुरुमा व्यापार, त्यसपछि प्रभाव र अन्ततः शासन, यो उपनिवेशवादको क्लासिक मार्गचित्र हो । आज यही ऐतिहासिक प्रक्रियाको परिमार्जित रूप नेपालमा देखिन थालेको छ, जहाँ प्रत्यक्ष उपनिवेश होइन तर नयाँ उपनिवेशवादका सूक्ष्म र खतरनाक अभ्यासहरू तीव्र रूपमा फैलिँदै गएका छन् ।

पश्चिमी शक्तिहरू नेपालमा विकास सहायता, अनुदान र ऋणको नाममा प्रवेश गरिरहेका छन् । बाहिरबाट हेर्दा यी सहयोगजस्ता देखिए पनि भित्री रूपमा यिनले नेपालको आर्थिक आत्मनिर्भरतामाथि गम्भीर प्रश्न खडा गरेका छन् । सर्तसहितका ऋण, संरचनागत समायोजनका नाममा थोपारिने नीतिहरू, निजीकरण र उदारीकरणको दबाब, यी सबैले नेपाललाई आफ्नै आवश्यकताअनुसार नीति बनाउने क्षमताबाट वञ्चित गरिरहेका छन् ।

जब कुनै राष्ट्रको बजेट, योजना र प्राथमिकता विदेशी दाताको स्वीकृतिमा निर्भर हुन्छ, त्यहाँ सार्वभौमिकता केवल कागजमा सीमित रहन्छ । इस्ट इन्डिया कम्पनीले पनि भारतमा ठ्याक्कै यही रणनीति अपनाएको थियो, स्थानीय शासकलाई आर्थिक रूपमा निर्भर बनाउने र त्यसैको फाइदा उठाएर राजनीतिक नियन्त्रण स्थापित गर्ने । आज युक्रेनले जुन प्रकारको अमेरिकी उपनिवेशवाद भोगिरहेको छ, नेपाललाई पनि ठिक त्यही दिशामा कब्जा गर्न खोजिएको देखिन्छ ।

आज नेपालका शिक्षा, स्वास्थ्य, कृषि, सुशासन, संघीयता र सामाजिक संरचनाजस्ता अत्यन्त संवेदनशील क्षेत्रमा समेत विदेशी सल्लाह र मोडल हाबी हुँदै गएका छन् । अझ आजको परिदृश्य हेर्दा त देशको प्रधानमन्त्री सुशीला कार्की हो कि सुदन गुरुङ हो कि अरू कोही, छुटाउनै गाह्रो हुने गरी बाह्य प्रभाव हाबी भएको देखिन्छ ।

नीति निर्माणमा स्थानीय आवश्यकताभन्दा दाताको एजेन्डा प्राथमिक बन्नु गम्भीर चिन्ताको विषय हो । यो अवस्था सहयोग होइन, नीतिगत हस्तक्षेप हो । जब कुनै राष्ट्रका कानुन, पाठ्यक्रम र विकास मोडल बाहिरबाट निर्देशित हुन्छन्, त्यति बेला त्यो राष्ट्र स्वतन्त्र देखिए पनि व्यवहारमा परनिर्भर बन्छ । यही नै उपनिवेशवाद हो ।

आजको उपनिवेशवादको सबैभन्दा शक्तिशाली हतियार सफ्ट पावर हो । एनजिओ/आइएनजिओ, थिंक ट्यांक, मिडिया फन्डिङ, तालिम र वैचारिक परियोजनामार्फत समाजको सोच, प्राथमिकता र मूल्य प्रणालीलाई प्रभाव पारिँदै छ । यति मात्र होइन, आजको नेपालमा एनजिओ आन्दोलन पानी बाँड्ने कामदेखि सत्ता सञ्चालनसम्मको उद्देश्य राखेर अघि बढिरहेको देखिन्छ । इस्ट इन्डिया कम्पनीले भारतमा स्थानीय दलाल र एजेन्ट प्रयोग गरेजस्तै आज बिकाऊ वैचारिक एजेन्टहरू उत्पादन गरिँदै छन्, जसले विदेशी एजेन्डालाई प्रगतिशीलता, आधुनिकता, सुशासन र भ्रष्टाचार उन्मूलनको नाममा प्रस्तुत गर्छन् । यसरी प्रत्यक्ष शासन नगरी नै मानसिक, सांस्कृतिक र वैचारिक नियन्त्रण स्थापित गरिन्छ, जुन सफ्ट कोलोनिजमको स्पष्ट संकेत हो ।

स्वतन्त्र राष्ट्रका संवैधानिक प्रक्रिया, कानुन निर्माण र परराष्ट्र नीतिमा बाह्य शक्तिको खुलेआम टिप्पणी र दबाब सामान्य कुरा होइन । तर नेपालमा यस्ता घटनाहरू बारम्बार दोहोरिनु गम्भीर चेतावनी हो । सार्वभौम संविधानसभालाई आफ्नै संविधान जारी गर्न रोक्ने प्रयासदेखि, हस्तक्षेप नस्विकार्दा अघोषित नाकाबन्दी लगाउनेसम्मका घटनाहरूको विश्लेषण गर्दा नेपालमा मौलाउँदै र झाँगिँदै गएको उपनिवेशवाद बुझ्न गाह्रो छैन । यसले नेपाललाई निर्णय गर्ने राष्ट्र होइन, केवल निर्णय कार्यान्वयन गर्ने राष्ट्र बनाउने खतरा बोकेको छ । यही अवस्थाबाट उपनिवेशवादको आधुनिक रूप जन्मिन्छ ।

आज नेपालमाथि देखिएको हस्तक्षेप प्रत्यक्ष शासनको रूपमा त छैन, तर निर्णय गर्ने अधिकार, नीति बनाउने स्वतन्त्रता र वैचारिक स्वाधीनता कमजोर पार्ने प्रक्रिया भने इस्ट इन्डिया कम्पनीको रणनीतिसँग अत्यन्त मिल्दोजुल्दो छ । व्यापारको नाममा आएको कम्पनीले भारतलाई उपनिवेश बनायो । विकास, परिवर्तन, पुस्तान्तरण र 'पकेट मनी' सहयोगको नाममा आएको हस्तक्षेपले छिट्टै नेपाललाई वैचारिक र नीतिगत उपनिवेश बनाउने खतरा बोकेको छ ।

इतिहासलाई केवल पढ्ने वा सराप्ने होइन, त्यसबाट सिक्ने हो । यदि नेपालको आजको वस्तुगत अवस्था, विभिन्न पात्र र प्रवृत्तिहरू समयमै पहिचान गर्न चुक्यौं भने र नेपाली युवा आवेगमा होस गुमाए भने वा अझ भनौं, आजै सचेत भएनौं भने भोलि हाम्रो सार्वभौमिकता केवल भाषण र दस्तावेजमा सीमित हुनेछ । त्यसपछि पछुताउनु बाहेक हामीसँग केही रहने छैन । राष्ट्रिय आत्मनिर्भरता, वैचारिक स्वाधीनता र नीतिगत स्पष्टतासहितको साहस यिनै मूल्यहरूले मात्र नेपाललाई नयाँ उपनिवेशवादबाट जोगाउन सक्छ । त्यसका लागि आवश्यक छ, यिनै मूल्य र मान्यता स्थापित गर्ने दृढ इच्छाशक्ति भएको साहसी नेतृत्वसहितको राजनीतिक आन्दोलन, जसले हाम्रो त्यो गर्विलो इतिहास जोगाएर अघि बढाओस् ।

## सामाजिक सञ्जाल



डम्बर खतिवडा

दलहरूले समानुपातिक उम्मेदवार हुन निवेदनसँगै रकम मागेको समाचार आइरहेका छन् । त्यो गैरकानुनी र राजनीतिक भ्रष्टाचार हो । एक प्रकारले टिकट बिक्री र विपन्नप्रतिको विभेद हो । टिकट क्षमता, निष्ठा र प्रतिबद्धता हेरिदिन पर्छ, पैसा हैन । निर्वाचन आयोगले अविलम्ब संज्ञानमा लिई कारबाही गरोस् ।



प्रेमकान्त अधिकारी

अमानवीय व्यवहार प्रवृत्ति न्यून हुँदै शून्यमा जानुपर्नेमा झन् झन् झ्याङ्गिँदै बढ्दै गइरहेको जस्तो लाग्यो । अरूभन्दा पनि एकले अर्कोलाई सकेसम्म हेप्ने, खसाल्ने, तुच्छ, छुद्र, निकृष्ट बदनाम बनाएर छाड्ने । सबैको आ-आफ्नो जन्मसिद्ध नैसर्गिक संवैधानिक कानुनी मताधिकार छ त बराबर ।



विपिन अधिकारी

बङ्गलादेशमा जे भएको छ, त्यो अत्यन्त गम्भीर अपराध हो । यो निन्दनीय छ । यसमा संलग्न सबैलाई बङ्गलादेश सरकारले अवश्य नै कारबाही गर्ने छ । अपराधीहरूलाई अपराधीभन्दा बढी देख्नु हुँदैन । उसको जात र धर्म हेरेर, त्यो जात र धर्मको बैरी बन्नु वा सताउनु हुँदैन । त्यो हाम्रो संस्कृति पनि हो ।



ओमकुमार थापा

सहकारी ठगीमा रवि लामिछानेले सफाइ पाएको होइन, तत्काल फैसला नआउन्जेलसम्मका लागि धरौटी राखेर जेल बाहिरै बसेर मुद्दा खेप्न अदालतले दिएको एउटा सुविधा मात्रै हो । मुद्दा र युद्ध जितेर आएजस्तो हुँकार पिटेर हिँड्ने रवि र पछि लाग्नेहरूले बिचरा, ती सहकारी पीडितको आँसु देख्ने धृष्टता गरेका छन् ?

# निर्वाचनमा एकजुट भएर लाग्न सहमहामन्त्री राठौरको आह्वान




**काठमाडौं/मस–** नेपाली कांग्रेसका सहमहामन्त्री किशोरसिंह राठौरले मुलुक र लोकतन्त्र जटिल अवस्थामा पुगेकाले आपसी मतभेद भुल्दै फागुन २१ गतेका लागि तोकिएको निर्वाचनमा एक जुट भएर लाग्न पार्टी सदस्यहरूलाई आह्वान गरेका छन्। नेपालगञ्जमा सुशील कोइराला स्मृति भवन उद्घाटन गर्दै राठौरले ८० वर्षको संघर्षपछि कांग्रेसले सुनिश्चित गरेको लोकतन्त्र र जनअधिकार संकटमा परेको भन्दै निर्वाचनलाई समाधानको उत्कृष्ट उपाय बनाउनुपर्ने बताए। उनले पार्टीको महाधिवेशन र सदस्यता वितरण अभियानलाई पनि देश र पार्टीको जीतमा केन्द्रित गर्न आग्रह गरे।

सहमहामन्त्री राठौरले भ्रष्टाचार नियन्त्रण, सुशासन र जनसेवामा कमजोरीका कारण जनताको असन्तुष्टि बढेको भन्दै कांग्रेसले पहल गर्नुपर्ने बताए। उनले दलहरूले कानुनको कार्यान्वयन र जीवनशैली सुधारलाई मुद्दाका रूपमा अघि बढाएर मुलुकमा सुशासन दिनुपर्ने पनि बताए।

कार्यक्रममा स्वर्गीय कृष्णप्रसाद भट्टराई र सुशील कोइरालाले अपनाएको सादाजीवन र उच्च विचारको मार्ग अनुशरण नगर्दा पार्टी र समाज दुवै प्रभावित भएको उनको टिप्पणी थियो।

# नागरिक सेवा सरल र सहज बनाउन जोड

**पश्चिम नवलपरासी/मस–** पश्चिम नवलपरासीको सुस्तामा आयोजित एक कार्यक्रममा सहभागीहरूले नागरिकले राज्यबाट पाउने सेवा-सुविधा सरल, सहज र समयमै उपलब्ध गराउनुपर्नेमा जोड दिएका छन्।

जिल्ला प्रशासन कार्यालय नवलपरासीको आयोजनामा सुस्ता गाउँपालिकाका स्थानीय तहका जनप्रतिनिधि र प्रशासनबीच सम्पन्न एकदिने अन्तरक्रिया कार्यक्रममा वक्ताहरूले नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ताजस्ता नागरिकका आधारभूत आवश्यक सेवाहरू कानुनी प्रक्रिया पूरा गरी अनावश्यक झन्झटबिनै उपलब्ध गराउनुपर्ने धारणा राखेका हुन्।



कार्यक्रममा वडा कार्यालयहरूले सिफारिस गर्दा कानुनी प्रक्रिया स्पष्ट बुझी सेवाग्राहीलाई ढिलाइ नगरी सिफारिस उपलब्ध गराउनुपर्ने उल्लेख गर्दै सिफारिसकर्ताले लोभ-लालचमा नफसी जिम्मेवारीपूर्वक कर्तव्य निर्वाह गर्नुपर्ने सुझाव दिइयो। साथै, वडा कार्यालयबाट सिफारिस भइसकेका केही पत्रको अवज्ञा गर्दै प्रहरीद्वारा पुनः सर्जमिनसहितको सिफारिस मागिनु वडा र पालिकामाथिको अविश्वासका रूपमा देखिने सहभागीहरूको भनाइ थियो। शान्ति सुरक्षा, अपराध नियन्त्रण, नागरिकता, राष्ट्रिय परिचयपत्र, घटना दर्ता र राहदानीलगायत सेवासम्बन्धी विषयमा भएको छलफलमा उपस्थित जनप्रतिनिधि, वडा सचिव र राजनीतिक दलका नेताहरूले आफ्ना जिज्ञासा राख्दै शान्ति-सुरक्षा कायम गर्न प्रहरी प्रशासनले निस्वार्थ रूपमा नागरिकको अपेक्षाअनुसार काम गर्नुपर्ने सुझाव दिएका थिए। कार्यक्रमको सहजीकरण गर्दै सहायक प्रमुख जिल्ला अधिकारी पोषणराज भण्डारीले नागरिकता, राहदानी र व्यक्तिगत घटना दर्तालगायत सेवाहरू नियम-कानुनको परिधिभित्र रही प्रदान गर्नुपर्ने उल्लेख गर्दै प्रक्रिया पूरा गरेका सबै नागरिकलाई सेवा उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय पूर्ण प्रतिबद्ध रहेको बताए।

# संरक्षण क्षेत्र व्यवस्थापन नियमावली संशोधन गर्न माग

**काठमाडौं/मस–** राष्ट्रिय प्रकृति संरक्षण कोषले संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ संशोधन गरिदिन आग्रह गरेको छ।

मंगलबार सिंहदरबारमा बसेको राष्ट्रिय सभाको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा बोल्दै कोषका सदस्य सचिव नरेश सुवेदीले यस्तो माग गरेका हुन्।

उनले संरक्षण क्षेत्र व्यवस्थापन नियमावलीले स्थानीय तह र प्रदेश सरकारलाई समेत नचिन्ने भएको कारण आवश्यक समन्वय र सहकार्य गर्न समस्या भइरहेको बताए।

उक्त नियमावली संशोधन भइसकेपछि राजस्वलगायत स्थानीय र प्रदेश सरकारसँग कोषको सम्बन्धको विषयमा समेत कुनै विवाद नहुने दाबी गरे। उनले मानव-वन्यजन्तु द्वन्द्व समाधानका लागि अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासको अध्ययन र स्थानविशेष समाधान आवश्यक भएको भन्दै त्यसका लागि कोषले आवश्यक कार्य गरिरहेको बताए। उनले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि एउटै विधि सबै स्थानमा प्रभावकारी नहुने उल्लेख गर्दै स्थानीय आवश्यकताअनुसार फरक फरक विधि लागु गर्नुपर्ने धारणा समेत राखे।

उनले फोहोर व्यवस्थापनका सम्बन्धमा कोषेले स्थानीय तहसँग सहकार्य गरेर काम गरिरहेको समेत बताए।

## पेट्रोल छर्किएर महिलाको हत्या, सासु र नन्द पक्राउ

**सिन्धुली/मस–** पेट्रोल छर्केर आगो लगाइ बुहारीको हत्या गरेको अभियोगमा सासु र नन्द पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीले मंगलबार एक विज्ञप्ति जारी गरी कमलामाई नगरपालिका-४ धुराफाँटकी ३२ वर्षीया सुशीला बम्जनको हत्या गरेको अभियोगमा ५९ वर्षीया सासु मायारानी बम्जन र ३५ वर्षीया नन्द मीना लामालाई पक्राउ गरिएको हो। अभियुक्तद्वयले गत आइतबार बुहारी सुशीलाको शरीरमा पेट्रोल छर्केर आगो लगाएका थिए। मृतकका श्रीमान् विगत दुई वर्षदेखि वैदेशिक रोजगारीमा छन्। घटनास्थलबाट जलेको शव प्रहरीले बरामद गरेको छ भने मृतकका ससुरा दुर्गामान घाइते भएका छन्। उनलाई उपचारार्थ काठमाडौं पठाइएको छ। अभियुक्तलाई जिल्ला अदालतबाट म्याद लिएर थुनामा राखिएको छ।


**Glen Appliance Pvt. Ltd, India बाट आयात गरिएका Oven, Chimney को अधिकतम खुद्रा बिक्री मुल्य सूचि** Vat:300045321

| S.N. | Description of Goods | Model No: | Brand | Country of Origin | MRP (Per Unit) |
|---|---|---|---|---|---|
| 1 | Oven | BO-652MRT(Ovan) | Glen | India | 88510 |
| 2 | Chimney | CH6058DIBLAC60 | Glen | India | 19758 |
| 3 | Chimney | CH6053HSRDCBAC76 | Glen | India | 31392 |
| 4 | Chimney | CH6053HSRDCBAC90 | Glen | India | 32640 |
| 5 | Chimney | CH6052HSRBLAC76 | Glen | India | 21438 |
| 6 | Chimney | CH6052DIBLAC60 | Glen | India | 18101 |
| 7 | Chimney | CH6058DIBLAC90 | Glen | India | 22671 |
| 8 | Chimney | CH6052SLIMBLAC90 | Glen | India | 22679 |
| 9 | Chimney | CH6073HSRDCAC90 | Glen | India | 37276 |
| 10 | Chimney | CH6014SSPBBF90 | Glen | India | 23058 |
| 11 | Chimney | CH6076HSRDCAC90 | Glen | India | 35067 |
| 12 | Chimney | CH6050INBLK60BF | Glen | India | 13820 |
| 13 | Chimney | CH6058DIBLAC76 | Glen | India | 20864 |

**Classic Traders Pvt. Ltd.**
Ward No. 11, Tripureshwor, Ktm, Nepal, Ph: 9851415656



**मोटरसाईकल हराएको सूचना**

मिति २०८२/०८/२९ गते अन्दाजी २१:०२ बजेको समयमा काठमाडौं जिल्ला का.म.पा.वडा नं. ३२ तिनकुने डेरा कोठा अगाडी पार्क गरी राखिएको हरियो रङको ३५० सि.सिको रोयल ईन्फिल्ड मोटरसाइकल खोजतालस गर्दा अहिल सम्म फेला नपरेकोले देख्नुहुने वा भेट्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा तपशिल बमोजिमको सम्पर्क नंम्बरमा जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ।

**सवारी धनी: रोशनी ईण्टरप्राइजेज**
**ऋणिको नाम: आकाश पट्टेल**
**सवारी नंम्बर: बा.प्र.०२-०६३ प २३९९**
**च्यासिस नं.: ME3J3C5FHSN001282**
**इन्जीन नं.: J3A5FHS2035472**
**सम्पर्क: ९८५५०३५११२**



## मल्टी एग्रो नेसनल इन्भेस्टमेन्ट कम्पनी लि.

**काठमाडौं जिल्ला टोखा न. पा. वडा नं. ५**

**तेश्रो बार्षिक साधारण सभा सम्बन्धि सूचना**

**दास्रो पटक प्रकाशित मितिः २०८२/०९/०९ गते**

**आदरणीय शेयरधनि महानुभावहरु,**

यस कम्पनीको मिति २०८२/०८/२२ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको तेश्रो बार्षिक साधारण सभा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्नको लागि देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ बमोजिम प्रकाशित गरिएको छ।

**मिति : २०८२/०९/२६ गते तदनुसार सन् २०२६ जनवरी १० शनिबार**
**समय : बिहान १०:०० बजे देखि**
**स्थान : जिल्ला नुवाकोट बिदुर नगरपालिका वडा नं. ०२ स्थित तमाङ प्लाजा एग्रो रिसोर्ट**

**छलफलका बिषयसुचिहरु:**

**क. सामान्य प्रस्तावहरु:**

१. संचालक समितिका तर्फबाट अध्यक्षज्यु बाट पेश हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पारित गर्ने।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८२ साल असाढ मसान्त सम्मको वासलात, सोहि मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को आय व्यय हिसाब, नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह बिवरण स्वीकृत गर्ने।
३. आर्थिक वर्ष २०८१।८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने।
४. आर्थिक वर्ष २०८१/८२ को नगद लाभांश वितरण नगर्ने प्रस्ताव पेश गरि स्वीकृत गराउने।
५. संचालक समितिको बैठक भत्ता बारे।

**संचालक समितिको अनुमतिले**
**कम्पनी सचिव**



# Chainpur Municipality
## Office of the Municipal Executive
**Chainpur, Sankhuwasabha**
**Koshi Province**

## Invitation for Sealed Quotation

**Date of Publication: 2082-09-09 (24th Dec 2025)**
**Sealed Quotation No: CM/NCB/SQG/05/082/083**

1. Chainpur Municipality invites sealed quotations from registered Suppliers for the Procurement of Veterinary Medicine for Chainpur Municipality..
2. Eligible eligible Suppliers may visit PPMO website www.bolpatra.gov.np.



## लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**लेटाङ, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**चिसाङ/तेली/मोरङी खोलाबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन गर्ने कार्य सम्बन्धि राष्ट्रियस्तरका बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०९**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ (६) र दफा ६२ (क) र लेटाङ नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/८/८ को निर्णय बमोजिम सूचनामा उल्लिखित I.E.E प्रतिवेदनमा निर्धारित मापदण्ड बमोजिम, कोशी प्रदेशको आर्थिक ऐन, २०८२ ले तोकेको दरमा उत्खनन् तथा संकलन गर्ने गरी तपसिल बमोजिमको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र निम्न बमोजिम शर्तको अधिनमा रही सूचना प्रकाशित मितिले ३० दिन भित्र (२०८२/१०/११ दिउँसो १२:०० बजे भित्र) विद्युतीय बोलपत्र पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ।

**तपसिल**

| क.स. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् हुने क्षेत्र/नाका | उत्खनन् योग्य परिमाण (घनमिटर) | न्युनतम कबोल रकम (मु.अ.कर बाहेक) | न्युनतम धरौटी रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | LM/MOR/NCB/REV/2082-83-02 | Sustainable Extraction, collection and selling of Riverbed material of Chisang, Teli and Morangi Khola | १. चिसाङ<br>२. तेली<br>३..मोरङी | २,२३,४७६.०० | ५,५१,८९,६३२.९६ | कबोल र कम मु.अ.कर सहतिको ५ % | ३,००० |

सूचना सम्वन्धी शर्तहरु www.bolpatra.govt.np/egp मा हेर्न सक्नुहुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



# Belauri Municipality
## Office of the Municipal Executive
**Belauri, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

## Invitation for Bids

**Invitation for Bids No.: BELMUN/NCB/S/082/083-04**
**Date of publication: 24th December 2026 10:00**

1. For the ***Supply, Delivery and Installation of Lord Shiva Statue including foundation work Belauri***. under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. ***27,78,195. (Exclusive of VAT & Provsional Sum)***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com***,099-580215 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost ***(Rs. 3,000)*** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   *Name of the Bank* : Rastriya Banijya Bank — *Name of Office* : Belauri Municipality
   *Office Code no.* : 801077604 — *Office Account no.*: 4390100301010002
   ***Rajaswa (revenue) Shishak no.***: BELAURI NA.PA. (GA-1-1)
4. Pre-bid meeting shall be held at ***Belauri Municipality Office*** at ***7th of January 2026 12:00.***
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. ***before 25th January 2026 13:00.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***25th January 2026 14:00*** hours at the office of Belauri Municipality. Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***83,000/-***, which shall be valid for ***30 days*** beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



**काठ/दाउरा लिलाम बिक्री सम्बन्धि २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०९/०९**

जिल्ला कैलाली, गौरीगंगा-६, मा यस सा.व.उ.स.को वन क्षेत्रबाट संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहमा घाटगद्दी गरि राखिएको साल थान १३९ को ११६६.२ क्युफिट र अस्ना थान ७ को ९४.२१ क्युफिट काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री आनन्द सा.व.उ.स. गौरीगंगा-६, कैलालीको**



**Saudi मा रोजगार** Sadd General Contracting

पुर्व स्वीकृती मिति: २०८२/९/८ — चलानी नं. : ६०२४९४६९ — LT No.: 335857

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 1 | 0 | साधारण | 1000 | ३८,१००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ पौष १६ गते (31Dec., 2025) यस प्रा. लि. को कार्यालय बालकुमारी, ललितपुरमा हुनेछ।

DIANA OVERSEAS
**डायना ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं :४०८/०६०/०६१
बालकुमारी, ललितपुर, फोन: ५१८६३८४, ५१८६३८५, ५१८६३२८, ५१८६४२९

# युएईमा एक नेपाली मृत भेटिए

पूर्ण तामाङ/मध्यान्ह
युएई, ८ पुस



संयुक्त अरब इमिरेट्स (युएई) को अबुधाबीस्थित सलाम सिटीमा एक नेपाली युवक मृत अवस्थामा फेला परेका छन् । संखुवासभाको मादी नगरपालिका-८ निवासी पासपोर्ट नम्बर ११८५१२६३ भएका २९ वर्षीय जितबहादुर लिम्बू गत आइतबार आफ्नै कोठाभित्र झुन्डिएको अवस्थामा मृत फेला परेका हुन् । जितबहादुरलाई कोठामा साथीहरूले डोरीको पासो लगाएर झुन्डिएको अवस्थामा भेटेका थिए । उनी पछिल्ला दुई-तीन दिनदेखि काममा नगएको र कोठामै एक्लै बस्दै आएको बताइएको छ । लामो समयसम्म सम्पर्क नहुँदा शंका लागेपछि साथीहरूले कोठा खोलेर हेर्दा उक्त अवस्था देखेपछि तत्काल सम्बन्धित निकायलाई जानकारी गराएका थिए ।

उनका साथीहरूका अनुसार जितबहादुर धेरै बोलचाल नगर्ने, शान्त स्वभावका व्यक्ति थिए । उनी विगत करिब तीन वर्षदेखि अबुधाबीस्थित एक निजी कम्पनीमा साधारण कामदारको रूपमा कार्यरत थिए ।

अबुधाबी प्रहरीले घटनाबारे अनुसन्धान सुरु गरिसकेको छ । प्रहरीका अनुसार प्रारम्भिक रूपमा पारिवारिक समस्याका कारण आत्महत्या गरेको हुनसक्ने अनुमान गरिएको छ । यद्यपि, घटनाको यकिन विवरण पोस्टमार्टम रिपोर्टपछि मात्र थाहा हुने प्रहरीको भनाइ छ ।

हाल जितबहादुरको शव अबुधाबीको एक अस्पतालमा पोस्टमार्टमका लागि राखिएको छ । कम्पनी स्रोतका अनुसार अस्पतालको औपचारिक रिपोर्ट प्राप्त भएपछि नेपालस्थित परिवार तथा युएईस्थित नेपाली दूतावासलाई जानकारी गराइ शव नेपाल पठाउने प्रक्रिया अघि बढाइने छ । मृतक जितबहादुरका तीन दाजुभाइ र एक बहिनी रहेका छन् । उनकी आमाको केही समयअघि निधन भइसकेको र परिवारसँग सम्बन्ध पनि खासै राम्रो नरहेको उनका साथीहरूले बताएका छन् । उनी करिब तीन वर्षअघि रोजगारीका लागि अबुधाबी आएका थिए ।

कम्पनीमा कार्यरत एक नेपाली कर्मचारीका अनुसार आवश्यक कागजी प्रक्रिया पूरा गरी युएईस्थित नेपाली दूतावाससँग समन्वय गरेर शव छिट्टै नेपाल पठाउने तयारी भइरहेको छ । विदेशमा कार्यरत नेपाली कामदारहरू मानसिक तनाव, पारिवारिक समस्या तथा सामाजिक दबाबका कारण विभिन्न कठिनाइ झेल्न बाध्य हुँदै आएका छन् । पछिल्लो समय युएईसहित खाडी मुलुकमा नेपाली कामदारको आत्महत्याका घटना बढ्दै गएकाले मानसिक स्वास्थ्य सहयोग, पारिवारिक संवाद तथा दूतावासको सक्रिय भूमिका आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन् ।

# यो सरकारले चुनाव गराउन सक्दैन : शेरधन राई

**काठमाडौं/मस–** नेकपा एमालेका केन्द्रीय सचिव शेरधन राईले वर्तमान सरकारले निर्वाचन गर्न नसक्ने बताएका छन् ।

सरकार 'असंवैधानिक' भएको दाबी गर्दै उनले घोषणा गरेको चुनाव सम्भव नरहेको दाबी गरेका हुन् ।

एमाले कोशी प्रदेश कमिटीको मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै नेता राईले वर्तमान सरकार चुनाव गराउनका लागि नभई लोकतन्त्र र संविधानमाथि प्रहार गर्न बनेको आरोप लगाएको छन् ।

'अहिलेको अवस्थामा १ लाखभन्दा बढी गोलीगट्ठा, १ हजार २०० भन्दा बढी हातहतियार र ५ हजार ५०० भन्दा बढी कैदीहरू बाहिरै छन् ।




सुरक्षाकर्मीका पोसाकहरू बाहिर दुरुपयोग भइरहेका छन् । यस्तो असुरक्षित वातावरणमा निष्पक्ष चुनाव हुन सक्दैन,' उनले भने ।

राईले प्रमुख राजनीतिक दलका नेताहरूमाथि सांघातिक हमला भइरहेको, घर र पार्टी कार्यालयहरू जलाइएको भन्दै सरकारले प्रतिशोधपूर्ण राजनीति गरिरहेको बताए ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीमाथि प्रतिशोध साध्ने काम भइरहेको उनले बताए । 'नेताहरूलाई टर्चर गर्ने र भिसा रोक्ने जस्ता कार्यहरू भइरहेका छन्,' उनले भने, 'यो सरकारले सामाजिक सद्भाव भड्काएर देशलाई प्रतिगमनतर्फ धकेल्न खोजिरहेको छ ।'

नेता राईले एमालेले देशव्यापी रूपमा जनतालाई परिचालन नगरेको भए देश निकै ठूलो दुर्घटनामा पर्ने दाबी गरेका छन् ।

# डिएसपी श्रीमललाई 'पुलिस अफ द मन्थ'

**काठमाडौं/मस–** प्रहरी वृत्त गौशाला काठमाडौंका प्रमुख प्रहरी नायब उपरीक्षक(डीएसपी) प्रकाश श्रीमललाई 'पुलिस अफ द मन्थ' को प्रशंसा-पत्र प्रदान गरिएको छ ।

सर्वसाधारण नागरिकलाई सुरक्षाको अनुभूति गराउन प्रहरी अनुसन्धानमा महत्वपूर्ण योगदान गरी आम नागरिकका माझ प्रहरी संगठनको गरिमा एवं श्रीवृद्धिमा पुऱ्याएको भन्दै उनलाई २०८२ मंसिर महिनाको 'पुलिस अफ द मन्थ'प्रदान गरिएको हो । जिल्ला प्रहरी परिसर काठमाडौंले योगदानको कदर गर्दै



श्रीमललाई 'पुलिस अफ द मन्थ प्रदान गरेको जनाएको छ ।

प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाद्वारा हस्ताक्षरित प्रशंसा-पत्रमा श्रीमलले नेपाल प्रहरी संगठनले दिएको जिम्मेवारी पूर्णरुपमा लगनशील, कर्तव्य निष्ठ एवं अपराध अनुसन्धान र प्रहरी कारबाहीमा प्रभावकारी भूमिका निर्वाह गरेको उल्लेख छ । प्रशंसा-पत्रमा भनिएको छ, 'सर्वसाधारण नागरिकलाई सुरक्षाको अनुभूति गराउने कार्य गरी आम नागरिकका माझ प्रहरी संगठनको गरिमा एव श्रीवृद्धिमा तपाइले पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै २०८२ साल मंसिर महिनाको पुलिस अफ द मन्थको रूपमा यो प्रशंसा पत्र प्रदान गरिएको छ ।'

## ओभरसिज नेपालीज इन्भेस्टमेण्ट कम्पनी लिमिटेड
अनामनगर, काठमाडौं

### नवौं वार्षिक साधारण सभाको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०९/०९**

यस ओभरसिज नेपालीज इन्भेस्टमेण्ट कम्पनी लिमिटेड (प्रा.लि. नं. १५३६४४/०७३/०७४) को सञ्चालक समितिको मिति वि.सं. २०८२ पौष ०६ गते, तदनुसार ई. सं. २०२५ डिसेम्बर २१ तारिक आइतबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम ओभरसिज नेपालीज इन्भेस्टमेण्ट कम्पनी लिमिटेडको नवौं वार्षिक साधारणसभा तपसिलको मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा गरिमामय उपस्थितिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**सभा हुने मिति, स्थान र समयः**
**मितिः-** २०८२ पौष २७ गते आइतबार तदनुसार ११ जनवरी सन् २०२६
**समय :-** बिहान ११:३० बजेदेखि ४ बजेसम्म
**स्थानः-** कम्पनीको रजिष्टर्ड कार्यालय

**छलफलका विषयहरूः-**

**क) सामान्य प्रस्तावः-**
१. आर्थिक वर्ष २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरि अनुमोदन गर्ने ।
२. आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने ।
३. कम्पनीको साधारण सभाको निर्णय प्रमाणित गर्न अख्तियारी दिने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावः-**
१. सञ्चालक समिति गठन गर्ने ।
२. प्रबन्धपत्रमा गरिने संशोधन सम्बन्धमाः-
क) दफा १, कम्पनीको नाम परिवर्तन सम्बन्धमा ।
ख) दफा ४, उदेश्य थप गर्ने सम्बन्धमा ।
३. नियमावलीमा गरिने संशोधन सम्बन्धमाः-
क) दफा १ को संशोधन सम्बन्धमा ।
ख) दफा २७ को उपदफा १ (क, ख) संशोधन सम्बन्धमा ।
४. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## नेपाल पानी उद्योग महासंघको

### प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२-०९-०९**

आदरणीय पानी उद्योगी महानुभावहरु नेपाल पानी उद्योग महासंघको मंसिर १२ गते मधेश प्रदेशको राजधानी धनुषा जिल्लाको जनकपुरधाममा सम्पन्न महासंघको तेस्रो पूर्ण बैठकको निणर्य अनुसार प्रथम वार्षिक साधारण सभा बागमती प्रदेशको ललितपुर जिल्लामा तपशिलमा उल्लेखित मिति, समय र स्थानमा गर्ने निर्णय भएअनुसार सम्पूर्ण पानी उद्योगी महानुभावहरुको जानकारी एवम् उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**
**मिति : २०८२ पौष १५ गते, मंगलबार**
**समय : बिहान १० बजेदेखि**
**स्थान : होटल भ्यु भृकुटी गोदावरी नगरपालिका-३ ललितपुर**
**सम्पर्क : ९८५११५०८८२, ९८५१२२५८५८**

**साधारणसभामा छलफल हुने मुख्य विषयहरु**
१) आ.व २०८१-०८२ को वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२) आ.व २०८१-०८२ को आर्थिक प्रगति प्रतिवेदन तथा प्रस्तावित बजेट सम्बन्धमा ।
३) महासंघ कार्यसमितिले भए गरेका निर्णयहरुको अनुमोदन सम्बन्धमा ।
४) केन्द्रिय कार्यसमितिको अनुमोदन सम्बन्धमा ।
५) उद्देश्य मिल्ने संस्थालाई सदस्यता दिने निर्णय गर्नको लागि समितिलाई अख्तियारी सम्बन्धमा ।
६) विविध सम्बन्धमा ।

**द्रष्टव्यः**
वार्षिक साधारण सभामा भाग लिन आउनुहुने पानी उद्योगी तथा प्रतिनिधि महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र साथमा लिई आउनुहुन अनुरोध छ ।
कुनै संगठित संस्था वा उद्योगले महासंघको सदस्यता लिएको हकमा त्यस्ता संगठित संस्था वा उद्योगको तर्फबाट खटाईएको वा मनोनित गरेको प्रतिनिधिले मात्र साधारण सभामा भाग लिन पाउने छ ।

**नेपाल पानी उद्योग महासंघ**
**केन्द्रिय कार्यसमिति**

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रकाशन मिति : २०८२/०९/०९ गते**

श्री प्रगति महिला सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको खयर जातको काठ २३७४ थान ४२६९.५० क्यु फि, बृक्षारोपण सिसौ ९४९ थान ३४७३.२४ क्यु फि, जंगली सिसौ २९ थान २८५.६१ क्यु फि, जामुन दाउरा ६ थान १०३.५६ क्यु फि, र ८ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ ।

**वीरबहादुर खड्का**
**अध्यक्ष (सम्पर्क नं. ९७६६९८५५८२)**
**श्री प्रगति महिला सामुदायिक वन उपभोक्ता समूह**
**शुक्लाफाँटा न.पा. वडा नं. ८ कञ्चनपुर ।**

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल पुष महिना ९ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय महेन्द्रनगरबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) कर्जा शीर्षक : साना उद्यम कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **बुद्ध शंकर सप्लायर्स** प्रोप्राइटरको नाम : प्रकाश डगौरा प्रा.फ.र.नं. : ५०५/२०७६/७७<br>दर्ता मिति : २०७६/१०/१० दर्ता गर्ने कार्यालय : वाणिज्य विभागको कार्यालय<br>फर्मको ठेगाना : कंचनपुर जिल्ला भिमदत्त न.पा. वडा नं. ३ स्थायी लेखा नं. : ६१३०१४६५८ |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) चुल्हो डगौराको नाति चोकटिया डगौराको छोरा कञ्चनपुर जिल्ला भीमदत्त वडा नं. ४ हाल, भीमदत्त न.पा. वडा नं. ३ बस्ने **प्रकाश डगौरा** (ना.प्र.नं. : ७५१००१/१५४२४ जारी मिति र जिल्ला : २०६९/०२/१७, कञ्चनपुर) |
| २) काशिराम डगौराको नाति चुल्हो डगौराको छोरा कैलाली जिल्ला भजनी वडा नं. ४ हाल, कञ्चनपुर जिल्ला भिमदत्त न.पा. वडा नं. ३ बस्ने **चोकटिया डगौरा** (ना.प्र.नं. : १३७३/६८९ जारी मिति र जिल्ला : २०४५/०१/१६, कैलाली) |
| ३) काशिराम डगौराको नाति चुनुवा डगौराको छोरा कैलाली जिल्ला भजनी वडा नं. ४ हाल, कञ्चनपुर जिल्ला भिमदत्त न.पा. वडा नं. ३ बस्ने **भुखाली डगौरा** (ना.प्र.नं. : १३७४/७१४ जारी मिति र जिल्ला : २०५४/०१/१७, कैलाली) |
| ४) चुल्हो डगौराको नाति साहेब डगौराको छोरा कैलाली जिल्ला भजनी वडा नं. ४ हाल, भजनी न.पा. वडा नं. ४ बस्ने **मासु राम डगौरा** (ना.प्र.नं. : ६७२०३२/६१८१२ जारी मिति र जिल्ला : २०७२/१२/२८, कैलाली) |
| ५) चुल्हो डगौराको नाति साहेब डगौराको छोरा कैलाली जिल्ला भजनी वडा नं. ४ हाल, भजनी न.पा. वडा नं. ४ बस्ने **रामदुलारे डगौरा** (ना.प्र.नं. : ६७२०३२/६१८२० जारी मिति र जिल्ला : २०७२/१२/२८, कैलाली) |
| ६) किसन सिह भण्डारीको नाति भवान सिह भण्डारीको छोरा कञ्चनपुर जिल्ला महाकाली न.पा. वडा नं. ६ हाल, दोधाराचाँदनी न.पा. वडा नं. ६ बस्ने **विशाल भण्डारी** (ना.प्र.नं. : ७५-०१-७६-०४१२१ जारी मिति र जिल्ला : २०७६/०३/२५, कञ्चनपुर) |

**२) कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| चुल्हो डगौराको बुहारी चोकटिया डगौराको पत्नी कञ्चनपुर जिल्ला भिमदत्त न.पा. वडा नं. ४ हाल, वडा नं. ३ बस्ने **राम कुमारी डगौरा** (ना.प्र.नं. : ७५-०१-७५-०३००३ जारी मिति र जिल्ला : २०७५/०३/१३, कञ्चनपुर) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| चोकटिया डगौराको बुहारी प्रकाश डगौराको पत्नी कैलाली जिल्ला खैलाड वडा नं. ६ हाल, कञ्चनपुर जिल्ला भिमदत्त न.पा. वडा नं. ३ बस्ने **रिता कुमारी चौधरी** (ना.प्र.नं. : ६७२००३/३००१० जारी मिति र जिल्ला : २०६९/११/१०, कैलाली) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## कतारमा रोजगार

कम्पनी : OTTAWA COMPANY CONTRACTING AND TRADING — शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८२/०९/०८ — चलानी नं.: ६०२४९४३४ — LT. No.: 335809

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Scafolder | 10 | 0 | | 1200 | ४७,१२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष १६ गते (31 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

Om International Human Resources Pvt. Ltd.
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145
Mobile No: 9813995098, 9851003367.

## युएईमा रोजगार

कम्पनीः TAJ AL MAJARAH PLASTER & TILES CONT. — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०१/०९ — चलानी नं.: ६०२१८४५५ — LT. No.: 303604 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,७७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | tile Layer Assistant | 1 | 0 | | 1200 | ४६,७७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष १६ गते (31 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

LINK STAR MANPOWER SERVICES PVT. LTD.
श्रम इजाजत पत्र नं. १०२५/०६८/६९
टोखा-१०, सामाखुसी, काठमाडौं, फोनः ४९५७०४७, 9816935532, 9851359348, 9705551551, 9761762121, 9815186563. | Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

## बहराइन र साउदीमा रोजगार

कम्पनी : GEORGIA FASHIONS W.L.L — शहरः MANAMA
पूर्व स्वीकृत मितिः २०८२/०९/०८ — चलानी नं.: ६०२४९४३६ — L.T. No.:335881

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 15 | 5 | स. काममा दक्ष | 120 | ४४,६१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : RAMADAN BIN NASSER BOUSRUR TRADING EST — शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/०९/०८ — चलानी नं.: ६०२४९४३९ — L.T. No.335837

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Shelves Packing Worker | 1 | 0 | | 1200 | ४५,८०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १६ गते (31 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

K L Employment Service (P) Ltd.
श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४५६४११३, ४५९३१८०,
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

## साउदीमा रोजगार

कम्पनी : BUSHRAAT AL-MAWSEM STORAGE COMPANY — शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/०९/०८ — चलानी नं.: ६०२४९४७२ — LT. No.: 335844

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Confectioner-Pastry-Cook | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Car Driver Light | 1 | 0 | | 1500 | ५७,२५५ | | | | | | | |
| 3. | Coffee Server (Barista) | 5 | 0 | | 1300 | ४९,६२१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष १६ गते (31 December 2025) मा हुनेछ ।

